काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

सरकारद्वारा निजी क्षेत्रको आत्मविश्वास जगेर्ना गर्ने प्रतिबद्धता

**समाचार**

विराटनगरस्थित बाल सुधार गृह नै सुधार गर्नुपर्ने देखिएको छ।



**नअल्झाऊ यो सरकारलाई**

काठमाडौंका मेयर बालेन साह र धरानका मेयर हर्क साम्पाङलाई आदर्श मान्ने नेपाली युवाका लागि अर्को मिलेनियल नेता न्युयोर्क सिटीको मेयर बन्नु प्रेरणादायी उदाहरण हो।

वर्ष १७, अंक १८९, पृष्ठ ८, आइतबार २३ कात्तिक २०८२, कार्तिक कृष्णपक्ष चतुर्थी, Sunday, 9 November, 2025, नेपाल संवत् ११४६, मूल्य- १०/-

nagariknews.com




# व्यवसायीको मनोबल खस्किँदा सकसमा अर्थतन्त्र



निजी क्षेत्रको मनोबल उकास्न सरकारका तर्फबाट दिन सक्ने सबै सुविधा दिन तयार छौं। समस्या समाधानका लागि निजी क्षेत्र र सरकार आआफ्नो गतिमा हिँड्नुपर्छ।

**रामेश्वर खनाल**
अर्थमन्त्री



असहज परिस्थितिलाई अवसरका रूपमा लिएर उच्च मनोबलका साथ काम गर्नुहोस्। ब्याजदर कम, तरलता उच्च, विदेशी विनिमय २२ खर्बभन्दा बढी भएकाले यसलाई सदुपयोग गर्नुपर्छ।

**डा. विश्वनाथ पौडेल**
गभर्नर



आन्दोलनबाट निजी क्षेत्र आहत छ। जोहो गरेर, सरसापट गरेर, ऋण लिएर उद्यमीले लगानी गरेका हुन्छन्। जेनजी आन्दोलनमा निजी क्षेत्रमाथि प्रहार भयो।

**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

**दिलीप पौडेल**

*काठमाडौं, कात्तिक २२*

अहिले बैंकिङ क्षेत्रमा करिब ११ खर्ब रुपैयाँ थुप्रिएको छ। जेनजी आन्दोलनपछि कर्जा विस्तार न्यून हुँदा लगानीयोग्य रकम थुप्रिएर समस्या भएको हो। जेनजी आन्दोलनका कारण निजी क्षेत्रको मनोबल खस्किएको छ, लगानीकर्तामा त्रास छ। त्यसको असर बैंकिङ क्षेत्रमा परेको छ।

जेनजी आन्दोलनले राजनीतिक क्षेत्र मात्र नभएर आर्थिक क्षेत्र पनि सकसमा परेको छ। कोभिडपछि लयमा फर्किन थालेको अर्थतन्त्रमा धक्का लागेको छ। जेनजी आन्दोलनका क्रममामा सरकारी संरचना मात्र नभएर व्यक्तिले सञ्चालन गरेका होटल, उद्योगधन्दा, व्यवसाय र घरमा पनि आक्रमण भएको थियो। जेनजी आन्दोलनपछि लगानीकर्ताले असुरक्षित महसुस गरेका छन्। लगानीकर्ताले सुरक्षित महसुस गर्न नसकेका कारण पुँजी पलायनको जोखिम पनि बढेको छ।

विश्व बैंकले पछिल्लो प्रतिवेदनले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३.१ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। यसले समग्र मुलुकको अर्थतन्त्रमा असर पर्ने देखिन्छ। जेनजी आन्दोलनबाट भएको क्षति र उत्पन्न राजनीतिक अस्थिरताले आर्थिक वृद्धि खुम्चिने अनुमान गरिएको हो। यसअघि चालु आवमा आर्थिक वृद्धिदर ५.२ प्रतिशत हुने अनुमान गरिएको थियो।

जेनजी आन्दोलनबाट निजी क्षेत्र आहत भएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।। 'जोहो गरेर, सरसापट गरेर, ऋण लिए उद्यमीले लगानी गरेका हुन्छन्,' ढकालले भने, 'आन्दोलनका क्रममा निजी क्षेत्रमाथि प्रहार भयो।' राजस्वमा योगदान पुऱ्याउने, रोजगारीको अवसर सिर्जना गरे पनि उद्यमी व्यवसायीको शयन कक्षसम्म पुगेर लुटपाट भएको उनले बताए। 'व्यापार व्यवसायमा आगो लागेको छ,' उनले भने, 'यसले निजी क्षेत्र त्रसित छ।'

ढकालका अनुसार नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ। त्यस्तै रोजगारीमा ८६ प्रतिशत योगदान निजी क्षेत्रको रहेको ढकालले बताए। आयकरमा उद्यमी व्यवसायीको योगदान ८० प्रतिशतमाथि रहेको उनको दाबी छ। जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रको करिब ८८ अर्ब रुपैयाँबराबरको नोक्सानी भएको छ। अर्थतन्त्रको प्रमुख हिस्सेदार निजी क्षेत्रको मनोबल खस्किँदा राजस्वदेखि रोजगारीसम्म असर पुग्ने भएको छ। व्यापारिक घराना, विदेशी लगानीका पाँचतारे चेन होटल र बहुराष्ट्रिय कम्पनीहरू लक्षित आक्रमणले स्वदेशी र विदेशी लगानीकर्ता सशंकित छन्। आन्दोलनपछिअर्थतन्त्रकाआन्तरिकसूचकमा केही समस्या देखिए पनि बाह्य सूचक भने राम्रा छन्।

लगानीको सुरक्षा नहुँदा उद्योगधन्दा धराशयी हुने चिन्ता अर्थमन्त्रीले व्यक्त गरेका छन्। केही दिनअघि अर्थमन्त्री मञ्चले आयोजना गरेको कार्यक्रममा पूर्वअर्थमन्त्रीहरूले जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले उद्यमी-व्यवसायीलाई यहाँ केही गर्न सकिँदैन भन्ने मनस्थितिमा पुऱ्याएको बताएका थिए। उद्योग र व्यापारिक प्रतिष्ठानमा तोडफोड, आगजनी, लुटपाट गर्नेमाथि कारबाही नगर्ने हो भने दण्डहीनता बढ्ने उनीहरूले बताएका थिए। पुँजी पलायन हुन नदिन उद्योगी-व्यवसायीले सुरक्षाको अनुभूति गराउनुपर्ने उनीहरूको निष्कर्ष थियो।

निजी क्षेत्रको मनोबल उकास्न सरकारका तर्फबाट दिन सक्ने सबै सुविधा दिन तयार रहेको अर्थमन्त्री रामेश्वर खनालले बताए। 'अर्थतन्त्रमा मनोबलको भूमिका महत्त्वपूर्ण हुन्छ,' खनालले भने, 'निजी क्षेत्र र सरकार आआफ्नो गतिमा दौडिनुपर्छ।' निजी क्षेत्रसँग पटकपटक छलफल गरेर समस्या समाधानका लागि पहल गरेको खनालले बताए। 'काठमाडौंदेखि जिल्लाजिल्लामा पुगेर निजी क्षेत्रको समस्या सुनेर कार्यान्वयनको चरणमा लागेका छौं,' खनालले भने।

बैंकबाट कर्जा प्रवाह नभएको र निजी क्षेत्रको मनोबल खस्किएका बेला नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले उच्च मनोबलका साथ काम गर्न अनुरोध गरेका छन्। ब्याजदर घटेको, तरलता प्रशस्त रहेको र विदेशी विनिमय सञ्चिति पर्याप्त भएकाले यसलाई उत्पादन र रोजगारी बढाउने अवसरका रूपमा लिन उनले आग्रह गरे। 'जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिलाई अवसरका रूपमा लिएर उच्च मनोबलका साथ काम गर्नुहोस्,' व्यवसायीलाई आग्रह गर्दै उनले भने। ब्याजदर कम, तरलता उच्च, विदेशी विनिमय २२ खर्ब रुपैयाँ बढी भएकाले यसलाई अवसरका रूपमा सदुपयोग गर्नुपर्ने उनले बताए।

# नपढेकाका सन्तति लोकसेवामा अगाडि

**भुवन शर्मा**

*काठमाडौं, कात्तिक २२*

लोकसेवा आयोगले लिएका विभिन्न परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा सिफारिस हुने उम्मेदवारमा शिक्षितभन्दा निरक्षरका सन्तति अगाडि रहेको पाइएको छ। आयोगले केही दिनअघि राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनअनुसार उच्च शिक्षा तथा उच्च माध्यमिक शिक्षा हासिल गरेकाभन्दा प्राथमिक शिक्षा लिएका तथा निरक्षर बाबुआमाका सन्तति धेरै उत्तीर्ण भएका छन्।

प्रतिवेदनअनुसार आयोगका परीक्षा उत्तीर्णमध्ये ४१.४४ प्रतिशतका बाबु प्राथमिक शिक्षा प्राप्त र १६.२० प्रतिशतका निरक्षर छन्। त्यस्तै उत्तीर्णमध्ये ४८.६९ प्रतिशतका आमा प्राथमिक शिक्षा प्राप्त र ३३.३३ प्रतिशतका निरक्षर छन्। यसैगरी परीक्षा उत्तीर्णमध्ये २०.६१ प्रतिशतका बाबु र ६.७ प्रतिशतका आमा उच्च शिक्षा प्राप्त छन्।



**४४ पदमा दरखास्त नै परेन**

प्रतिवेदनअनुसार उक्त आवमा निजामती सेवातर्फका एक हजार पाँच सय १३ पदका लागि गरिएका विज्ञापनमध्ये आन्तरिक प्रतियोगितातर्फका ३१ र समावेशीतर्फका सात गरी ३८ वटा विज्ञापनका ४४ पदमा कुनै पनि दरखास्त परेन। यसरी दरखास्त नपर्नेमा राजपत्रअनकिंत द्वितीय श्रेणी (प्राविधिक) तर्फका अमिन, मेकानिक्सलगायत पद छन्। यसैगरी राजपत्रांकिततर्फ मुख्य गरी स्वास्थ्य सेवातर्फका नवौं तहको मेडिसिन समूहतर्फ नेफ्रोलोजी, न्युरोलोजी, कार्डियोलोजी, युरो सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरी, निओनेटोलोजी, हेमाटोलोजी उपसमूहका पद छन्। आरक्षण कोटामा पुनरवोलकन हुन नसक्दा यस्तो स्थिति देखिएको आयोगका कर्मचारीले बताएका छन्। कानुनअनुसार हरेक १०/१० वर्षमा आरक्षण कोटामा पुनरवलोकन हुनुपर्नेमा २०६४ सालयता गरिएको छैन।

**आरक्षणबाट सरकारी सेवामा २६ हजार प्रवेश**

प्रतिवेदनअनुसार आरक्षण कोटाबाट हालसम्म २६ हजार बढीले सरकारी सेवामा प्रवेशको अवसर पाएका छन्। आयोगले २०६४ सालदेखि समावेशी समूहका उम्मेदवारबिच प्रतिस्पर्धा गराई पदपूर्ति गर्दै आएको छ। आव २०८१/८२ मा विभिन्न ६ समावेशी समूहका आठ सय ४९ पदका लागि विज्ञापन गरिएको थियो। समावेशी विज्ञापनबाट यस अवधिमा एक हजार ५६ जना स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसमा महिलातर्फ तीन सय ६५, आदिवासी/जनजातितर्फ दुई सय ७३, मधेसीतर्फ दुई सय ३३, दलिततर्फ ९६, अपांगतातर्फ ४६ र पिछडिएको क्षेत्रतर्फ ४३ जना सिफारिस भएका छन्। आयोगका अनुसार उक्त आवमा हालसम्म समावेशी समूहबाट २६ हजार दुई सय ७४ जना स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्।

**फाराम भर्नेमा बाहुन-क्षत्री धेरै**

उक्त आवमा आयोगको परीक्षामा सहभागी हुने फाराम भर्ने उम्मेदवारमा बाहुन, क्षेत्री समुदायका धेरै छन्। प्रतिवेदनअनुसार फाराम भर्नेमा २३.८ प्रतिशत बाहुन र १८.२५ प्रतिशत क्षेत्री समुदायका छन्। प्रतिवेदनमा उक्त अवधिमा आयोगमा प्राप्त चार लाख ५९ हजार आठ सय ३४ दरखास्तमध्ये ब्राह्मण (पहाडी), क्षेत्री, थारू, यादव र मगर समुदायको बाहुल्य क्रमशः देखिएको छ। पन्जाबी/सिख, लोहोरुङ र विदेशी उल्लेख गरेको जातिको सबैभन्दा कम दुई वटा दरखास्त परेको छ।

# सोनलले दिए मुख्यमन्त्रीबाट राजीनामा



**मिथिलेश यादव**

*जनकपुरधाम, कात्तिक २२*

मधेस प्रदेशका मुख्यमन्त्रीबाट राजीनामा दिएका जितेन्द्र सोनलले आफूसँग अझै बहुमत रहेको र संविधानको धारा १६८ (२) बमोजिम पुनः मुख्यमन्त्रीका लागि दाबी पेस गर्ने बताएका छन्। शनिबार प्रदेशसभाबाट राजीनामा घोषणा गरेर बाहिरिएलगत्तै उनले यस्तो बताएका हुन्। विश्वासको मत नपाउने निश्चित भएपछि राजीनामा दिएका सोनलले सभामुख रामचन्द्र मण्डलले पूर्वाग्रही र हतारमा प्रक्रिया अघि बढाएको आरोप लगाए।

*बाँकी पृष्ठ २*

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

## वैदेशिक रोजगारीको व्यथा

# मिर्गौला बिग्रिएपछि सुन्दर सपना भताभुंग

**सविता खड्का**

*काठमाडौं, कात्तिक २२*

वैदेशिक रोजगारीमा जाने सबैको सपना एउटै हुन्छ, विदेशमा कमाएर ल्याएको पैसाले घरको छानो टाल्ने, परिवारको अनुहारमा हाँसो ल्याउने, आनन्द मनले मिठो खाने र सुन्दर जीवन जिउने। सपनाले मानिसलाई पर्खिन सक्ने बनाउँछ। कैयौं मानिस सुन्दर भविष्यको सपनामा डुबिरहेका हुन्छन्। तर सोचेजस्तो सबैको सपना पूरा नहुन पनि सक्छ।

वैदेशिक रोजगारीले धेरैको जीवन हराभरा बनाइदिए पनि कसैकसैको जिन्दगी भताभुंग पनि बनाएको छ। विदेशमा कमाउला र सुखका दिनहरू बिताउँला भनेर स्याङ्जाका जगदीश भुसाल युएई गएका थिए। त्यहाँ गाडी चालक रहेका उनको दिनचर्या राम्रै चल्दै थियो।

युएईबाट ४५ दिनको छुट्टीमा नेपाल आएका ३७ वर्षीय भुसालको सुन्दर जीवनमा एकाएक अँध्यारो छायो। सुक्खा खोकी लागेर जाँचका लागि पोखराको एक अस्पताल पुगेका उनी जाँचका क्रममा दुवै मिर्गौलाले काम नगरेको पत्ता लागेपछि छानाबाट खसेजस्तै भए। दुवै मिर्गौला फेल भएको जानकारी चिकित्सकले गराएपछि झन्डै कोमामा गएको स्मरण गर्दै भुसाल भन्छन्, 'सानै बेलादेखि आफू बलियो छु जस्तो लाग्थ्यो। कहिल्यै बिरामी भएको थाहा छैन। सुक्खा खोकी लागिरहेको थियो।



छुट्टीमा घर आएको बोलामा खोकीसँगै यसो होलबडी जाँच गरौं न त भनेर अस्पताल गएको थिएँ। नराम्रो खबर सुन्नुपऱ्यो।'

लामो सास फेर्दै उनले भने, 'एक्कासि डाक्टरले तपाईंका दुवै मिर्गौला फेल छन् भनेपछि पत्याउनै गाह्रो भयो। साँच्चै मैले नपत्याएर अर्कै अस्पतालमा गएर जाँच गर्दा पनि त्यही कुरा भनेपछि पत्याउन बाध्य भएँ। पछि त बिस्तारै बिस्तराले बोलायो।' युएईबाट बिदामा परिवारसँग खुसी साट्न आएका उनी मिर्गौला फेल भएपछि गल्दै गएका छन्। उज्यालो दिनहरूको सपना बोकेका उनको जीवनमा अँध्यारोले छोप्यो।

वैदेशिक रोजगारीबाट छुट्टीमा आएका भुसाललाई अहिले घर भताभुंगजस्तै भएको लाग्न थालेको छ। आफ्नो रोगले गर्दा परिवार रोएको हेर्न नसकेको बताउँदै उनी भन्छन्, '४५ दिनको छुट्टी राम्रोसँग मनाउने सोच थियो। मेरो खुसी भनेकै छोराहरू हुन्। उनीहरू हाँस्दा संसार हाँसेजस्तो लाग्छ। अहिले आफैंले उनीहरूलाई रुवाइरहेको छु। श्रीमतीको त के कुरा गरूँ।'

टेलिफोनमार्फत सुरुमा नागरिकसँग कुरा गर्दा उनको बोली टाठै थियो। तर बिस्तारै सबै बेलिबिस्तार लगाउँदै गर्दा उनको आवाज कमजोर भयो। त्यही पनि उनी बोल्न भने रोकिएनन्। उनले आफ्नो दुःख पोख्दा केही राहत भइरहेको बताए। 'आफ्नो दुःख पोखौं कसलाई ? सुनाउने ठाउँ हुँदैन। प्रत्येक हप्ता डायलाइसिस गराउनुपर्छ। एउटा इन्जेक्सनकै तीन हजार रुपैयाँ पर्छ। साथमा पैसा छैन। औषधिको त के कुरा गर्नु र ? मासिक झन्डै सात/आठ हजार रुपैयाँको औषधि खानुपर्छ।' गत वैशाखयता उपचारमा मात्रै ३० लाख रुपैयाँ सकिएको उनको भनाइ छ।

काठमाडौंमा उपचार गराइरहेका भुसालले अब मिर्गौला ट्रान्सप्लान्ट गर्नुपर्ने अवस्था आएको बताए। 'किड्नी ट्रान्सप्लान्ट गर्न झन्डै ८/१० लाख रुपैयाँ लाग्छ रे ? यसका लागि सरकारले पाँच लाख दिन्छ भन्ने सुनेको छु। अब हेरौं के हुन्छ। काठमाडौंमा बसेर उपचार गराउँदै छु। खर्च बढेको छ। कमाउने मान्छे कोही छैन,' वैदेशिक रोजगारीमा साउदी अरेबिया र युएईमा गरी करिब १५ वर्ष बिताएका भुसालले भने।

उनले नेपाल फर्किएर विभिन्न व्यवसायमा हात पनि हालेका थिए। लकडाउनको समयमा व्यवसाय घाटामा गएपछि उनले पुनः वैदेशिक रोजगारीलाई अँगालेको बताए। 'विदेशमा राम्रो कमाइ थियो,' भुसाल भन्छन्, 'सधैं विदेश बसेर हुन्न भन्दै नेपालमै कुखुरा फार्म र बिजुली पसल राखें। एकाएक लकडाउन भयो, व्यवसाय सबै माइनसमा गयो। त्यसपछि फेरि दुबईतिर लागे। बिदामा घर आउँदा हालत खराब भयो। अहिले मृत्युसँग लडिरहेको छु।'

परिवारका जेठा छोरा उनी विदेशी खानपिनले आफूलाई यस्तो कडा रोग लागेको हुन सक्ने आकलन गर्छन्। वैदेशिक रोजगारीले युवालाई ताने पनि विदेशी भूमिमा लामो समय बस्न नहुने उनले बताए। 'मैले लामो समय विदेशमा बिताएँ,' उनी भन्छन्, 'मलाई केही हुन्छ जस्तै लागेको थिएन। तर म जस्तो मान्छेलाई त यस्तो ठुलो रोगले सतायो। अरूलाई पनि नसताउँला भन्न सकिन्न। त्यसैले लामो समय विदेश बस्नु उचित होइन रहेछ।'

*बाँकी पृष्ठ २*

# पर्यटनमार्फत समृद्धिको यात्रामा आठपहरिया

**सिर्जना राई**

*धनकुटा, कात्तिक २२*

धनकुटा बजारबाट करिब पाँच किलोमिटर उकालो चढेपछि पुगिन्छ, स्याउले सिप्तिङ गाउँ। धनकुटा नगरपालिका-३ मा पर्ने यो गाउँमा आठपहरिया समुदायको बाहुल्य छ। संख्याका हिसाबले सानो तर सांस्कृतिक सम्पदामा समहरिया समुदायले सञ्चालन गरेको होमस्टे अहिले स्थानीय पर्यटनको नयाँ पहिचान बनेको छ। अरुण र तमोर नदीको बिचमा पर्ने धनकुटालाई आफ्नो उद्गम थलो मान्दै आएको यो सीमान्तकृत आदिवासी जनजाति 'आठपहरिया' यतिबेला पर्यटनमार्फत समृद्धि खोजिरहेको छ।



स्याउले सिप्तिङ गाउँ पुग्ने पर्यटक पाहुना होइन परिवारका सदस्य बन्छन्। हरिया डाँडामाथि चिसो र निश्चल हावाको वेगसँगै सुनौला घामका किरणले यो गाउँको सुन्दरता अझ बढाउँछ। नेपालको जनगणना २०७८ अनुसार आठपहरिया समुदायको संख्या पाँच हजार आठ सय ७८ छ। यो समुदायलाई होमस्टेमार्फत समृद्धिको यात्रामा हिँडाउने अग्रसरता भने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र कम्युनिटी होमस्टे नेटवर्कले गरेका थिए। साथै आतिथ्य सत्कार र क्षमता अभिवृद्धिका लागि नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (एसटिएलआरपी) ले संस्कृति प्रवर्द्धन गर्न धनकुटा नगरपालिकासँग सहकार्य गरेको थियो।

स्याउले सिप्तिङमा आउने पर्यटकको स्वागतमा होटलको औपचारिकताजस्तो नभई मौलिक संस्कृति झल्किन्छ। पाहुनालाई आमा तथा दिदीबहिनीले रातो टीका, फूलको माला र मीठो मुस्कानले स्वागत गर्छन्। स्वागतमा स्थानीय मौरीको मह मिसाइएको पानी अनिवार्यजस्तै छ। एकैछिन थकाइ मारेपछि पाहुनालाई होमस्टे र समुदायको इतिहास, संस्कार र संस्कृतिसँग साक्षात्कार गराइन्छ। आठपहरिया समुदायले कसरी आफ्नो पहिचान र परम्परा जोगाउँदै पर्यटनलाई आत्मसात् गरेका छन् भन्ने जानकारी दिइन्छ। स्याउले सिप्तिङ पुग्ने अधिकांशको ध्यान सुन्तला बगैंचाले तान्छ।

*बाँकी पृष्ठ २*



नुवाकोटको बेलकोटगढीस्थित बाघखोरबाट शनिबार देखिएको गणेश हिमालसहितको हिमशृंखला। तस्बिर : रासस

# मिर्गौला बिग्रिएपछि सुन्दर सपना भताभुंग

पृष्ठ १ बाट

लामो समय विदेश बसेर कमाएर ल्याएको धन आफ्नै रोगको औषधि उपचारमा सकिने हुँदा धेरै समय विदेशी भूमिमा नबस्न युवालाई उनको सुझाव छ।

भुसालजस्तै वैदेशिक रोजगारीबाट छुट्टीमा नेपाल फर्केका बेला आफूलाई मिर्गौला रोग लागेको थाहा पाउनेमा मोरङका ३४ वर्षीय जीवन विश्वकर्मा पनि हुन्। उनी पनि वैदेशिक रोजगारीका क्रममा कुवेत पुगेका थिए। त्यहाँ २५ महिना काम गरेर छुट्टीमा घर आएका विश्वकर्मा एक्कासि प्रेसर बढेर अस्पताल पुगेका थिए। स्वास्थ्य जाँच गराउँदा दुवै मिर्गौलामा समस्या देखियो।

कुवेतमा सुरक्षागार्डमा रमाएका उनी आफूलाई ठुलो रोग लागेकोमा चिन्तित छन्। अब आफ्नो उपचार खर्च र परिवारलाई कसरी पाल्ने भन्ने चिन्ता उनलाई छ। 'विराटनगरको एक अस्पतालमा प्रेसर जाँच गर्न पुगेको थिएँ। मिर्गौला फेल भएको छ भनेर डाक्टरले भनेपछि छाँगाबाट खसेजस्तै भएँ,' उनले भने, 'यस्तो दिन आउँला भनेर कहिल्यै कल्पनासमेत गरेको थिइनँ। कमाएर घरपरिवारलाई हेर्न बेलामा आफैंले हात फैलाउनुपरेको छ।'

विभिन्न समयमा गरेर उनले कुवेतमा ६ वर्षभन्दा बढी समय बिताए। छुट्टीमा आउनेजाने क्रम उनको चलिरहन्थ्यो। यसपटकको छुट्टी उनका लागि कष्टकर बन्यो। गत चैतमा विदेशबाट तीन महिनाको छुट्टीमा आएका उनी अब विदेश नफर्किने भएका छन्। उनकी एक छोरी छिन्। त्यही छोरीको मुख हेरेर पिर लाग्ने उनी भन्छन्, 'छोरी सानै छिन्। उनको राम्रो भविष्य बनाउने ठुलो सपना थियो। उनी ठुली मान्छे भएको हेर्न मन छ तर के गर्नु त्यति बेलासम्म आफू हुन्छु कि हुन्न, थाहा छैन।' मिर्गौला रोगले थलिएका विश्वकर्मालाई छोरीसँगै आफ्नो उपचार खर्च पनि कसरी धान्ने भन्ने चिन्ता छ।

'कमाइ छैन। कसैले गरेको सहयोगको भरमा डायलाइसिस गराइरहेको छु। एक सातामै दुई पटक डायलाइसिस गर्नुपरेको छ। औषधि किनेर खान पनि समस्या परेको छ। मैले गर्दा परिवारले दुःख पाएका छन्,' विश्वकर्माले फोनमार्फत भने। मिर्गौला रोगीहरूलाई उपचारलगायत औषधि खर्च सबै सरकारले हेरिदिए राहत हुने उनको भनाइ छ। 'सरकारले हामीलाई मासिक पाँच हजार रुपैयाँ दिएको छ,' उनले भने, 'त्यो पैसाले केही छोप पनि लाग्दैन। उपचार गराउन पुग्दैन। परिवारको खर्च कसरी चलाउने ?'

मिर्गौला रोगले थलिएका भुसाल र विश्वकर्माले वैदेशिक रोजगार बोर्डबाट सात/सात लाख रुपैयाँ आर्थिक सहायता पाएका छन्। वैदेशिक रोजगारीका क्रममा बिरामी तथा अंगभंग र मृत्यु भएकाका हकवालाले आर्थिक सहायता पाउँछन्। सहायता पाउन श्रमिकले श्रम स्वीकृति लिएको हुनुपर्ने, यसको नवीकरण गरेको हुनुपर्ने र बिरामी वा मृत्यु भएको वर्ष दिनभित्रै बोर्डमा निवेदन दिनुपर्ने कानुनी प्रक्रिया छ। रोजगारीको खोजीमा बर्सेनि लाखौं नेपाली विभिन्न देश पुग्छन्। तीमध्ये भुसाल र विश्वकर्मा पनि हुन्। बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेतीका अनुसार वैदेशिक रोजगारीका क्रममा बिरामी तथा अंगभंग र मृत्यु भएका व्यक्तिका हकवालाले आर्थिक सहायता पाउँछन्। साथै उनीहरूसँग अस्पतालमा उपचार गराएको प्रमाण भएसँगै श्रम स्वीकृति, श्रम स्वीकृति नवीकरण र बिरामी वा मृत्यु भएको वर्ष दिनभित्रै बोर्डमा निवेदन दिए आर्थिक सहयोग पाउँछन्।

श्रमिकका कागजातहरू बोर्डले विशेषज्ञ चिकित्सकसहितको एक समितिलाई देखाएर सिफारिस गरेपछि बिरामीले आर्थिक सहायता पाउने उनले बताए। 'बिरामीको अवस्था हेरेर बोर्डबाट उपचार खर्च दिइन्छ,' उनले भने, 'करार अवधिभित्र विदेशमा रहेका कामदारलाई क्यान्सर, मिर्गौला, मुटु रोग र पार्किन्सन्स जस्ता ठुला रोग लागेको खण्डमा त्यहीअनुसारको उपचार खर्च पाइन्छ। श्रम स्वीकृतिको नियमानुसारको मान्य अवधि भएका कामदारलाई मात्र बोर्डबाट आर्थिक सहयोग गरिन्छ।'

अवैध रूपमा बिदेसिएका र श्रम स्वीकृति नलिएका वा करार अवधि सकिएको अवस्थामा विदेशमा ज्यान गुमाउने र बिरामी तथा अंगभंग भएर स्वदेश फर्किनेले बोर्डबाट आर्थिक सहयोग पाउने प्रावधान छैन। बोर्डको तथ्यांकअनुसार वैदेशिक रोजगारीका क्रममा चालु आर्थिक वर्ष २०८२/८३ को कात्तिक २० गतेसम्म बिरामी तथा अंगभंग भएर देश फर्किनेको संख्या दुई सय ५८ पुगेको छ। साथै बिरामी तथा अंगभंग भएकालाई आठ करोड ४१ लाख ३८ हजार रुपैयाँ आर्थिक सहायता दिएको बोर्डको तथ्यांक छ। तर तथ्यांक आर्थिक सहयोग पाउनेको मात्रै हो। त्यसरी नै आर्थिक सहायता पाएर बस्नेमा भुसाल र विश्वकर्मा पनि हुन्।

# सोनलले दिए मुख्यमन्त्रीबाट राजीनामा

पृष्ठ १ बाट

प्रदेशसभा परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै सोनलले भने, 'हामी छलफलमै रहेका बेला सभामुख रामचन्द्र मण्डलले भित्र मत विभाजन प्रक्रियालाई गति दिनुभयो। यो सरासर गलत हो। उहाँ अर्कै माइन्ड सेटका साथ अघि बढेको अनुभूति भएपछि मैले मार्गप्रशस्त गरिदिएको हुँ।' उनले संघीयता मास्ने सपना कसैले देखेको भए त्यसलाई साकार हुन नदिने बताए। 'हामीसँग अझै बहुमत छ। हामी कानुनी बाटोबाटै पुनः सरकारमा आउनेछौं,' उनले भने, 'संघीयता मास्ने सपना कसैले नदेखे हुन्छ।'

गत असोज २९ गते ५६ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका सोनलले शनिबार प्रदेशसभा बैठकमा सत्तापक्षका सांसदहरूको अनुपस्थिति रहेकै अवस्थामा सभामुख मण्डलले मत विभाजन सुरु गरेको भन्दै राजीनामाको घोषणा गरेका थिए। सोनलको राजीनामा घोषणापछि सभामुख मण्डलले मत विभाजनको प्रक्रिया रोकिएको जानकारी दिँदै अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरेका थिए।

शनिबार मुख्यमन्त्री सोनलले विश्वासको मत लिने प्रस्ताव पेस गरेपछि सत्तारूढ दल नेकपा माओवादी केन्द्रका दुई सांसद रहबर अन्सारी र माला कर्णले विद्रोह गर्दै विपक्षमा मतदान गर्ने घोषणा गरेपछि सरकार संकटमा परेको थियो। सरकारलाई चाहिने ५३ मतमध्ये दुई सांसदको विद्रोहपछि पक्षमा ५२ मत मात्रै पर्ने निश्चित भएको थियो। जनता समाजवादी पार्टी (जसपा) नेपालका १८, जनमत पार्टीका ११, माओवादी केन्द्रका सात, नेकपा एकीकृत समाजवादीका सात, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का आठ र नागरिक उन्मुक्ति पार्टी (नाउपा) को १ गरी सोनलको पक्षमा ५२ मत देखिएको थियो। अंकगणित विपक्षमा गएपछि सत्तापक्षले छलफलका लागि समय मागे पनि सहमति जुट्न नसक्दा सोनल राजीनामा दिन बाध्य भएका हुन्।

यसअघि बैठकमा बोल्दै माओवादी केन्द्रका सांसद रहबर अन्सारीले 'जेनजी आन्दोलन'को मर्मविपरीत राजनीतिक चरित्रमा सुधार नआएको भन्दै आफ्नै अनुहारमा मोसो दलेर विरोध प्रदर्शन गरेका थिए। उनले आफू कुनै पनि पक्षमा मतदान नगर्ने घोषणा गर्दै भनेक थिए, 'आज म सार्वजनिक अपराध स्वीकार गर्न आएको छु। हामीमध्ये कसैसँग पनि सरकारको नेतृत्व गर्ने नैतिक अधिकार छैन।' उनको यो कदमले सदनमा केहीबेर खैलाबैला मच्चिएको थियो।

# पूर्वमन्त्री आलमको निधन

काठमाडौं, कात्तिक २२ (रासस)- नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद अफताव आलमको निधन भएको छ। उच्च रक्तचाप, सुगरलगायत स्वास्थ्यमा समस्या देखिएपछि विगत एक महिनादेखि काठमाडौंको सीनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार गराइरहेका आलमको शनिबार बिहान निधन भएको हो। पछिल्लो एक सातादेखि भेन्टिलेटरमा राखेर उनको उपचार भइरहेको थियो।

आलमको उपचारका क्रममा निधन भएको अस्पतालका सञ्चालक एवं कांग्रेसका निवर्तमान सांसद डा. सुनिल शर्माले जानकारी दिए। आलम २०५१ को उपनिर्वाचनमा पहिलोपटक संसदीय निर्वाचनमा विजयी भएका थिए। उनी २०५४ मा श्रम राज्यमन्त्री र २०५५ मा वन राज्यमन्त्री भएका थिए। २०५६ सालको संसदीय निर्वाचन र २०६४ को संविधानसभा निर्वाचनमा पनि उनी निर्वाचित भएका थिए। त्यसपछि उनी भूमि सुधारमन्त्री र श्रम तथा यातायातमन्त्री भएका थिए।

आलमले २०६४ चैत २७ गते संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा रौतहटको राजपुरमा बम विस्फोटमा परेका यमुनामाई गाउँपालिका घर भएका घाइतेद्वय पिन्टु भनिने त्रिलोकप्रताप सिंह राजपुत र ओसी अख्तरलाई इँटाभट्टामा जलाएर हत्या गरेको कसुरमा जन्मकैदको सजाय पाएका थिए। गत जेठ १४ गते रौतहट जिल्ला अदालतको फैसलाबाट कारागारमुक्त भएका उनलाई मस्तिष्कघात भएको थियो। आलमको दुई छोरा र एक छोरी छन्।

# छन्द साधना पुरस्कारबाट लम्साल र आचार्य पुरस्कृत



काठमाडौं, कात्तिक २२ (रासस)- छन्द तरंग अभियानको सातौं वार्षिकोत्वसका अवसरमा वरिष्ठ कवि डा नवराज लम्साल र युवाकवि पुरुषोत्तम आचार्यलाई सम्मान र पुरस्कार प्रदान गरिएको छ। अभियानद्वारा आज आयोजित कार्यक्रममा वरिष्ठ भाषाविद् एवं साहित्यकार मुकुन्दशरण उपाध्यायबाट कवि डा लम्साललाई रु ४० हजार राशिको विशिष्ट छन्द साधना पुरस्कार र कवि आचार्यलाई रु २० हजार राशिको छन्द साधना युवा प्रतिभा पुरस्कार प्रदान गरिएको हो।

रेडियोकर्मीसमेत रहनुभएका धादिङका डा लम्सालले 'कर्ण', 'धरा', 'अग्नि' र 'कल्प' जस्ता महाकाव्यका साथै सयौं गीत रचना गरेका छन् भने मकवानपुरका आचार्यले सीमान्तकृत समुदायलाई केन्द्रमा राखेर छन्द कविता लेखन गर्दै आएका छन्। यसअघि विशिष्ट छन्द साधना पुरस्कारबाट रमेश खकुरेल, चन्द्रप्रसाद न्यौपाने, घनश्याम कँडेल, रामचन्द्र भट्टराई, भुवनहरि सिग्देल र गोविन्दराज विनोदी पुरस्कृत भइसकेका छन् भने छन्द साधना युवा प्रतिभा पुरस्कारबाट सुदेश सत्याल, कविराज पौडेल र रूपक अलंकार पुरस्कृत भइसकेका छन्।

छन्द कविताको स्तरीकरण र मानकीकरणका लागि साहित्यकारद्वय प्राध्यापक डा. रामप्रसाद ज्ञवाली र प्राध्यापक डा. देवी नेपालको अगुवाइमा २०७५ सालदेखि सो अभियान आरम्भ भएको हो।

# जातजाति संस्कृति अध्ययन केन्द्र तनहुँ संग्रहालय

दमौली (तनहुँ), कात्तिक २२ (रासस)- तनहुँमा बसोबास गर्ने विभिन्न जातजातिका संस्कृति, रीतिरिवाज अध्ययन गर्ने केन्द्र बनाउन तनहुँ संग्रहालय स्थापना गरिएको छ। नेपाल क्षेत्री समाज तनहुँको सक्रियतामा व्यास नगरपालिका-१ करङकाठस्थित समाजको भवनमा तनहुँ संग्रहालय स्थापना गरिएको हो। संग्रहालयमा तनहुँमा रहेका जातजातिका पहिरन, उनीहरूले प्रयोग गर्ने सामग्री राखिने संग्रहालय संयोजक देवीबहादुर बस्नेतले जानकारी दिए। तनहुँमा प्रमुख १६ जाति रहेकाले संग्रहालयमा ती सबै जातजातिका सामग्री राखिने बस्नेतले बताए।

उनले भने, 'यहाँ रहेका ब्राम्हण, क्षेत्री, दरै, कुमाल, बोटे, गुरुङ, राई, दुरा, दमै, कामी, सार्कीलगायतले प्रयोग गर्ने पहिरन, उनीहरुले प्रयोग गर्ने सामग्रीलगायत सबै सामग्री सङ्ग्रहालयमा राख्छौं। यो सङ्ग्रहालय नयाँ पुस्ताका लागि पाठशाला बन्नेछ। सङ्ग्रहालय विभिन्न जातजातिका धर्म, संस्कृति, रीतिरिवाज अध्ययनको बृहत् केन्द्र बन्ने विश्वास गरेका छौं।' संग्रहालयले विभिन्न जातजातिका रहनसहन, वेशभूषासँगै सम्पूर्ण दिनचर्याबारे जान्ने अवसर प्रदान गर्ने उनको भनाइ छ। बस्नेतका अनुसार जिल्लामा बसोबास गर्ने सबै जातजातिका समुदायमा पुगेर उनीहरूले प्रयोग गर्ने वस्तुहरू संकलन गरी संग्रहालयमा राखिनेछ। उनले भने, 'सम्बन्धित जातजातिका समुदायमा पुगेर त्यस्ता सामग्री सङ्कलन गर्छौं, सहयोगका लागि अपिल पनि गरेका छौं। नपाइने सामग्री भने खरिद गरिनेछ।'

संग्रहालय संस्कृति संरक्षणसँगै जिल्लाको पर्यटन प्रवर्द्धनका लागि पनि सहयोगी बस्नेतको विश्वास छ। उनका अनुसार संग्रहालयमा जिल्लाका ऐतिहासिक, पर्यटकीय गन्तव्यस्थलका बारेमा जानकारी दिने सामग्रीसमेत राखिएको छ। संग्रहालय स्थापनाका लागि गण्डकी प्रदेश सरकारले ५ लाख रुपैयाँ बजेट सहयोग गरेको थियो। यस्तै नेपाल क्षेत्री समाज तनहुँले गत तिहारमा देउसीभैलो खेलेर चार लाख रुपैयाँ संकलन गरेको छ। संग्रहालयमा राष्ट्रिय विभूतिका शालिकसमेत राखिने बस्नेतले बताए। उनले भने, 'देशका लागि विशेष योगदान दिने व्यक्तिहरूको पनि सालिक बनाउँछौं।' संग्रहालय स्थापनाका लागि बजेट आवश्यक पर्ने भएकाले संघ, प्रदेश र स्थानीय सरकारसँग सहयोगको अपिल गरिने बस्नेतले बताए।

संग्रहालयका सहसंयोजक तिलक चौहानले स्थानीय सरकारले सङ्ग्रहालयमा ध्यान नदिएकाले क्षेत्री समाजको परिकल्पनामा संग्रहालय बनाउन लागिएको बताए। उनले भने, 'यो संग्रहालय तनहुँको मात्र नभई देशैभरिको संग्रहालयको केन्द्र बन्ने विश्वास गरेका छौं। संग्रहालय स्थापना भएको एक वर्ष पूरा भएको छ तर यहाँ राखिने सामग्री संकलनको कामलाई अब तीव्रता दिन्छौं।' क्षेत्री समाज नेपाल तनहुँका सदस्य एवं संग्रहालयका सचिव रामचन्द्र अधिकारीले संग्रहालय स्थापनाका लागि सहयोग गर्न सबै जातजातिलाई आग्रह गरेका छन्। उनले भने, 'प्रत्येक टोल, गाउँ, वडासम्म पुगेर सामग्री संकलनको अभियानमा जुट्दै छौं।'

नेपाल क्षेत्री समाज तनहुँका सचिव हरि कार्कीले समाजको सक्रियतामा संग्रहालय निर्माण गरिए पनि यसलाई सबै जातजातिको पहिचान झल्किने केन्द्र बनाइने उल्लेख गरे। उनले भने, 'संग्रहालयमा ऐतिहासिक, पुरातात्विक वस्तुको संरक्षण त हुन्छ नै संग्रहालय विद्यार्थीका लागि शैक्षिक अध्ययनको केन्द्र बन्नेछ।' संग्रहालयसँगै यहाँ पुस्तकालयसमेत बनाइएको छ। पुस्तकालयमा विभिन्न लेखकका पुस्तक राखिएका छन्। ती पुस्तकबाट तनहुँका ऐतिहासिक, सांस्कृतिकस्थलबारे जान्न सकिनेछ।

# पर्यटनमार्फत समृद्धिको यात्रामा आठपहरिया

पृष्ठ १ बाट

पाहुनाहरू बगैंचामा रमाउँदै किसानसँग संवाद गर्छन्। सुन्तला खेती, मह उत्पादन र स्थानीय बिउ संरक्षणबारे जानकारी लिन्छन्। यहाँको होमस्टेले पाहुनालाई केवल बास मात्र होइन, जीवनशैलीको अध्ययन र अनुभव पनि दिन्छ।

गत वर्ष उक्त होमस्टेमा ७२ जना पर्यटकलाई स्वागत गरिएको होमस्टेका अध्यक्ष हिराबहादुर राईले बताए। जसमा २४ जना विदेशी पाहुना थिए। यस वर्ष भने हालसम्म ८२ जना पर्यटक यहाँ आइपुगेको उनले बताए। एक रातमा १७ जनासम्म पाहुनालाई बास दिन सक्ने गरी विकास गरिएको यस होमस्टेमा मनोरञ्जन, संस्कृतिको जगेर्ना र नयाँ पुस्तालाई आफ्नो संस्कृतिबारे जानकारी गराउने उद्देश्यले हरेक बेलुका स्थानीय सांस्कृतिक नृत्य प्रस्तुत गरिन्छ।

यहाँको अन्य आकर्षणमा पर्छन्, साततले झरना र गुफा। सामुदायिक होमस्टेबाट १५ मिनेटको सवारी यात्रा र करिब डेढ घण्टा पैदल यात्रा गरेपछि झरना देख्न पाइन्छ। झरना पुग्नुभन्दा एक किलोमिटर अगाडि नै साततले गुफा छ। यस क्षेत्रलाई पहुँचयोग्य बनाउन एसटीएलआरपीले पदमार्ग निर्माण गरिदिएको छ।

आठपहरिया समुदाय नेपालको लोपोन्मुख जातिमा पर्छ। उनीहरूका आफ्नै भाषा, गीत, नृत्य र परम्परा छन्। पछिल्लो समय आधुनिकतासँगै संस्कृति हराउने चिन्ता समुदायका हिराबहादुरलाई छ। उनी भन्छन्, 'हामीले त पुर्खाहरूबाट सिक्यौं तर नयाँ पुस्ताले आधुनिकतामा रमाएर आफ्नो संस्कृति छोड्दै जाँदा इतिहास नै मेटिन्छ कि जस्तो लाग्छ। त्यसपछि अहिले हामीले संस्कृति हस्तान्तरण र सिकाइका लागि हरेक साँझ सांस्कृतिक कार्यक्रमहरु गर्ने गरेका छौं।'

उनले पर्यटनलाई संस्कृति संरक्षणको माध्यम बनाइरहेको पनि बताए। होमस्टे यहाँ केवल व्यवसाय मात्र नभएर संस्कृति जीवित राख्ने माध्यम भएको उनको भनाइ छ। पाहुनाले यहाँ बास गर्दा केवल प्रकृति मात्र हेर्दैनन्, उनीहरू जीवनको एक पुरानो अध्यायसँग भेट गर्छन्, जहाँ सम्बन्ध, श्रम र माटोको गन्ध मिसिएको छ। यस परियोजनामा स्थानीय युवा सक्रिय छन्। उनीहरू पर्यटन व्यवस्थापन, पाहुना सेवा र गाइडिङमा दक्ष बन्दै गइरहेका छन्। तर अझै सहज पहुँचका लागि होमस्टेसम्म जोड्ने बाटो बनाउन सहयोगका लागि सरकारसँग स्थानीय समुदायले आग्रह गरेका छन्।

दिगो पर्यटन परियोजनाका अधिकृत खगेन्द्र खड्काले भने, 'स्याउले सिप्तिङ सामुदायिक होमस्टेले नेपालमा सांस्कृतिक पर्यटनको नयाँ परिभाषा दिइरहेको छ। स्याउले सिप्तिङको साँझमा जब ढोल बज्छ र आठपहरियाहरू परम्परागत नृत्यमा रमाउँछन्, पाहुना पनि सँगसँगै नाच्छन्। त्यो क्षणमा संस्कृति, प्रकृति र मानवीय आत्मीयता एकै ठाउँमा मिसिएको अनुभव हुन्छ। यसले ग्रामीण अर्थतन्त्रमा सशक्त प्रभाव पार्ने मात्र नभएर संस्कृति जगेर्नामा पनि कोसेढुंगा साबित हुनेछ।' (रासस)


## Kakani Rural Municipality
## Office of the Rural Municipal Executive
Ranipauwa, Nuwakot
Bagamati Province

## Invitation for Sealed Quotation

**Date of Publication: 2025/11/09 AD. (2082/07/23 BS.)**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites a competitive Bidding from Eligible Bidders for the following works

| Contract No | Description | Estimate amount including VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 04/sq//krm/ Vetmed2082 | Purchase of Veterinary medicines | 508500 | NRs.12712 | 45 days | 1000 | 24-11-2025 12:00hrs | 24-11-2025 14:00Hrs at office of municipal executive, Kakani, Ranipauwa |
| 05/SQ/ KRM/ VETEQP | Veterinary Lab equipment and materials purchase program | 226000 | Nrs.6500 | 45 days | 1000 | 24-11-2025 12:00hrs | 24-11-2025 14:00Hrs at office of municipal executive, Kakani, Ranipauwa |

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.



## खड्ग भवानी वचत तथा ऋण सहकारी संस्था लि.
कीर्तिपुर -९ , नयाँबजार

**कर्जा चुक्ता गर्न आउने बारेमा ३५(पैंतिस) दिने सुचना**

सुचना प्रकाशित मिति : २०८२/०७/२३

यस खड्ग भवानी वचत तथा ऋण सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लगेको कर्जा सहकारी संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जाना लगायतको दस्तुर आदि नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेको हुनाले सहकारीको सम्पूण लेना रकम चुक्ता गर्न पटक पटक लिखित तथा मौखिक रुपमा तरताकेता गरेको तर पनि संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्ने ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ। अन्यथा सहकारी नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो एवं निज ऋणीहरुको जाय जेथा विवरण खुलाई लिलाम प्रक्रियाबाट सम्पूण लेना रकम असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्रसं | ऋणीको नाम, थर | ऋणीको फोटो |
|---|---|---|
| १. | नम : सुरज महर्जन<br>ना.प्र.नं. :४६२८/१३२५०<br>बाबुको नाम : हिराकाजी महर्जन<br>बाजेको नाम : कुल नारायण महर्जन<br>ठेगाना : कीर्तिपुर न. पा - १०, नयाँबजार |  |
| २. | नम : पुष्प महर्जन<br>ना.प्र.नं:८७४०/४४२५/२७१८/५१४३<br>बाबुको नाम : कुल नारायण महर्जन<br>बाजेको नाम : पुन्सीबाबु महर्जन<br>ठेगाना : कीर्तिपुर न. पा - १०, नयाँबजार |  |

# बाल सुधार गृह नै सुधार्नुपर्ने खाँचो

विनोद सुवेदी
*विराटनगर, कात्तिक २२*

बालबिझ्याइँ गरेका बालकहरूलाई सुधार गर्न राखिने विराटनगरस्थित बाल सुधार गृह नै सुधार गर्नुपर्ने देखिएको छ। विभिन्न खालका बालबिझ्याइँ गरेका बालकलाई सुधार्न राखिने सुधार गृहलाई नै सबैभन्दा पहिला सुधार गर्नुपर्ने खाँचो देखिएको हो।

देशका अन्य बाल सुधार गृहजस्तै विराटनगर उपमहानगरपालिका वडा नं ३ दुधफारामस्थित बाल सुधार गृहको भौतिक पूर्वाधारदेखि आन्तरिक व्यवस्थापनका विषयमा सुधार आवश्यक देखिएको छ। ५० जना बालक राख्ने विराटनगरस्थित सो गृहको क्षमता भए पनि हाल दुई सय ५० भन्दा बढी बालक राखिएको छ। सुधार गृहको क्षमताभन्दा पाँच गुना बढी बालक राखिएका कारण यसको अवस्था अस्तव्यस्त बनेको छ। क्षमताभन्दा बढी बन्दी राखिएकै कारण गृहमा झडपलगायतका घटना दोहोरिइरहेको पाइएको छ। कमजोर भौतिक पूर्वाधार र फितलो सुरक्षाका कारण सुधार गृहबाट बालकहरू भाग्ने क्रम पनि बढ्दो छ।

पछिल्लो समय कात्तिक २० मा प्रहरीलाई कुटपिट गरी नौजना सुधार गृहबाट भागेका थिए। उनीहरूमध्ये दुईजनालाई पक्राउ गरिए पनि सातजना फरार छन्। जेनजी आन्दोलनका क्रममा भदौ २५ मा विराटनगरस्थित सुधार गृहमा रहेका दुई सय ५५ जना बालकमध्ये दुई सय ६ जना भागेका थिए। सुधार गृहबाट भागेकामध्ये हालसम्म १५ जना बालक फर्किसकेका छैनन्। यसअघि पनि विराटनगरस्थित सुधार गृहमा २०८२ साउन २८ मा झडप भएको थियो। झडपमा एकजना प्रहरी घाइते भएका थिए। २०८१ फागुन २३ मा बालकहरूबिच भएको झडपमा तीनजना घाइते भएका थिए। केहीलाई प्रहरीले गिरफ्तार गरेको थियो। झडपपछि विराटनगरस्थित सुधार गृहका १८ वर्ष उमेर पूरा गरेका १४ जनालाई सरुवा गरिएको थियो। बालबिझ्याइँ गरेर सुधार्न राखिएका उनीहरू सुधार गृहमा पुगेपछि पनि नसुध्रिएको देखिएको छ। बाल सुधार गृहको भौतिक पूर्वाधार र आन्तरिक व्यवस्थापनका विभिन्न पाटोमा सुधारका लागि पहल नभएको भने होइन, तर राज्यले अझसम्म सुधार गृहलाई सुधार्नेतर्फ पर्याप्त ध्यान दिएको देखिएको छैन। बालबालिका क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाले सुधार गृह सुधारका लागि विभिन्न समयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन्, तर पनि सुधार गृहको समस्या ज्यूका त्यूँ छन्।

बाल सुधार गृह सुधार्ने सरकारको सोच नै नदेखिएको सिविन नेपाल विराटनगर कार्यालयका प्रमुख वासुदेव अधिकारीले बताए। उनले भने, 'सुधार गृहको अवस्था दयनीय छ। सुधार गृहको पूर्वाधारदेखि व्यवस्थापनसम्म सुधार गर्नुपर्ने अवस्था छ, तर राज्यले सुधार गृहलाई सुधार्नेतर्फ पर्याप्त ध्यान दिएको देखिएको छैन।' जेनजी आन्दोलनपछि सुधार गृहको सुरक्षा चुनौती थप कमजोर भएको अधिकारीले बताए। उनले कानुन सुधार प्रक्रियामा रहे पनि प्रतिनिधिसभा नै भंग भएकाले कानुन सुधारका काम अवरुद्ध हुन पुगेको बताए। सुधार गृहलाई व्यवस्थित पार्न कानुनको सुधार पनि आवश्यक रहेको अधिकारीको भनाइ छ।

इन्सेक कोसी प्रदेश संयोजक मनोहर पोखरेलले बाल सुधार गृह सुधारका लागि बुँदागत रूपमा स्थानीय प्रशासनमार्फत सरकारलाई सुझाव दिएको भए पनि सरकारले सुझाव ग्रहण नगरेको गुनासो गरे। उनले भने, 'बाल सुधार गृहको सुधारका लागि हामीले बुँदागत रूपमै सरकारलाई सुझाव दिएका छौं, तर सरकारले हाम्रो सुझावलाई वास्ता गरेजस्तो देखिएको छैन।' उनका अनुसार बाल सुधार गृहमा बेलाबेला हुने झडपका घटना बालबालिकाले पाएको यातना र सास्तीकै उपज हुन्। अप्रिय घटना अव्यवस्थाका परिणति हुन्। गृह सुधार गर्न सकिएन भने बेलाबेलामा अप्रिय घटना हुने र त्यो थप जटिल र भयावह हुने जोखिम टड्कारो रहेको पोखरेलको भनाइ छ।

अधिकतम एक सय २० दिनभित्र फैसला भइसक्नुपर्ने बालबालिकाका मुद्दा समयावधिमा किनारा नलाग्दा बालिग युवा पनि सुधार गृहमै छन्। यसले क्षमताभन्दा अत्यधिक संख्यामा सबै उमेर समूहका बालकलाई राख्नुपरेको छ। दोषी प्रमाणित भएका र पुर्पक्षका लागि पुगेका बालकहरू एकै ठाउँमा छन्। सामान्य र गम्भीर प्रकृतिका बिझ्याइँकर्तालाई पनि सँगै राखिएको छ। त्यहाँ बालिगले अन्य बालकलाई काबुमा राख्ने, हेलोहोचो, कुटपिट र शोषण गर्ने गर्छन्। यसले सुधार गृहको साटो अपराध सिकाउने पाठशाला बन्ने भय छ। यसले गर्दा बेलाबेलामा तनाव उत्पन्न भई द्वन्द्व तथा झडपसमेत हुने गरेकाले बालिग र नाबालिगलाई छुट्ट्याएर राख्ने व्यवस्था गर्नुपर्ने उनको सुझाव छ।

सुधार गृहको खानेपानी, शौचालय, खानपिन, रेखदेख, सुधारका कार्यक्रम, पठनपाठन, मानव अधिकारको प्रत्याभूति र सुरक्षाको दायित्व राज्यकै हो। तसर्थ थप संरचना निर्माण गरी सुधार गृहको क्षमता वृद्धि गरी सहज रूपमा बस्न सक्ने वातावरण बनाउन जरुरी छ। 'घर, परिवार, समाज र साथीभाइबाट अलग बस्नुपर्दा बालबालिकामा मानसिक समस्या देखा पर्ने गरेकाले राज्यले उनीहरूको सुधारका लागि नियमित मनोविमर्श र परामर्श सेवा प्रदान गर्न, योग, ध्यान तथा जीवनपयोगी सीपमा आधारित विभिन्न तालिम नियमित दिन र पर्याप्त स्वास्थ्य जाँच गर्न जरुरी देखिन्छ', पोखरेलले भने।

यता बाल सुधार गृह हेर्ने तालुकदार निकाय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देशभरका सुधार गृहको अवस्था र समस्याका बारेमा जानकार रहेको र सुधारका लागि प्रयास थालिए पनि पर्याप्त नभइरहेको जनाएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले बाल सुधार गृहमा क्षमताभन्दा बढी बालक राखिएको, १८ वर्ष उमेर पुगेका र कम उमेरका दुवैलाई एकै ठाउँमा राखिएको, बाल सुधार गृहमा झडपका घटना दोहोरिइरहेका विषयमा मन्त्रालय जानकार रहेको बताए।

उनले सरकारले बाल सुधार गृह सुधारका लागि प्रयास गरिरहेको भए पनि पर्याप्त स्रोत, साधन अभावका कारण समस्या भइरहेको बताए। बुढाले सुधार गृहलाई व्यवस्थित पार्न तत्काल थोरै बालबन्दी भएका ठाउँमा धेरै भएका ठाउँबाट स्थानान्तरण गर्ने प्रक्रिया अघि बढाएको जानकारी दिए। उनले दीर्घकालका लागि व्यवस्थित बाल सुधार गृह बनाउन र यसको क्षमता बढाउन पूर्वाधार थप्ने प्रक्रिया पनि अघि बढाइएको छ।

यस्तै नुवाकोटमा नयाँ बाल सुधार गृह स्थापना गर्ने, तनहुँमा तीन सय क्षमताको अत्याधुनिक पूर्वाधारसहित बालमैत्री बाल सुधार गृह स्थापनाको तयारी पनि थालिएको बताए। विराटनगरको बाल सुधार गृहमा थप पूर्वाधार विकास गरी क्षमता बढाउने प्रक्रिया पनि अघि बढाइएको जानकारी दिए। सरकारले बाल सुधार गृहका अन्य पक्षको सुधारका लागि पनि क्रमैसँग काम अघि बढाएको बुढाले दाबी गरे। उनले भने, 'बाल सुधार गृहलाई नामको मात्रै नभई कामकै सुधार गृहका रूपमा स्थापित गर्न सरकार प्रयत्नशील छ।'

उनले कानुनमा समेत सुधारका लागि प्रक्रिया थालिएको बताए। १८ वर्ष उमेर पुगेकालाई कारागारमा लैजाने, सुधार गृहमा झडप भएको खण्डमा हतियारसहित सुरक्षाकर्मी पस्न पाउने व्यवस्था गर्नेलगायतका कानुनी सुधारका लागि पनि सरकारले काम अघि बढाएको उनले जानकारी दिए। हाल देशभर नौवटा बाल सुधार गृह सञ्चालनमा रहेका छन्। नेपालको पहिलो बाल सुधार गृह भक्तपुरमा २०५७ सालमा स्थापना भएको थियो। मोरङको विराटनगरस्थित बाल सुधार गृह २०७० सालमा स्थापना भएको हो।

**के के छन् समस्या ?**

बाल सुधार गृहमा क्षमताभन्दा अत्यधिक बालकहरू राखिनु मुख्य समस्या देखिएको छ, जसका कारण सुधार गृह अस्तव्यस्त बनेको छ। बन्दीलाई आधारभूत आवश्यकता पनि पूर्ति हुने अवस्था देखिएको छैन। खाने, आराम गर्ने, सुत्ने, खेल्नेलगायत सबै खालका सुविधाबाट बालकहरू वञ्चित छन्। राती सुत्दासमेत पालो गरेर सुत्नुपरेको त्यहाँका बालकहरूको गुनासो छ। अर्को समस्या सुधार गृहमा क्षमताभन्दा बढी बालक हुँदाहुँदै थपिने क्रम बढ्दो छ। विशेषगरी लागुऔषध, बलात्कारजस्ता मुद्दा लागेका धेरै बालकलाई अदालतले बाल सुधार गृहमा पठाउने गरेको छ।

हरेक महिना बाल बिझ्याइँमा बाल सुधार गृह जाने बालकहरू थपिने गरेका छन्। गृहमा बालकहरूको चाप हुँदाहुँदै पनि थप बालक राख्नुपर्ने गृहको बाध्यता छ। कोसी प्रदेशमा एउटा मात्रै बाल सुधार गृह विराटनगरमा रहेको छ। कोसी प्रदेशका सबैजसो जिल्लाबाट बाल बिझ्याइँ गरेका बालकहरू विराटनगरस्थित सुधार गृहमा आउने गरेका छन्।

अर्को समस्या सुधार गृहमा १८ वर्षमुनिका बालक मात्रै नभई उमेर पुगेका युवासमेत रहने गरेका छन्। कम उमेरमा बाल बिझ्याइँ गरेका तर सजाय काट्ने क्रममा उमेर पुगिसके पनि सुधार गृहमै राख्नुपर्ने व्यवस्थाका कारण उमेर पुगेका युवासमेत बाल सुधार गृहमै रहने गरेका छन्। विराटनगरस्थित बाल सुधार गृहमा १३ वर्षको बालकदेखि २९ वर्षको बयस्कसम्म राखिएको छ। बढी उमेरका युवाले कलिला बालकलाई हेप्ने, कुटपिट गर्ने र नियन्त्रणमा राख्ने प्रवृत्तिका कारण सुधार गृहमा बेलाबेला झडपसमेत हुने गरेको छ।

**के छ कानुनी व्यवस्था ?**

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४३ को (४) मा बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर १८ वर्ष पुगेमा निजको बानीव्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरतालगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नुपर्ने व्यवस्था छ। दफा ४४ को उपदफा २ अनुसार बालबालिकालाई राख्ने संस्था वा व्यक्तिले प्रत्येक ६ महिनामा बालबालिकाको स्वास्थ्यसम्बन्धी प्रतिवेदन सम्बन्धित बाल अदालतमा पठाउनुपर्ने व्यवस्था छ। दफा ४५ मा मनोसामाजिक तथा सामाजिक अध्ययन प्रतिवेदनसम्बन्धी व्यवस्था गरिएको छ।

**समाधान के त ?**

बालबालिकासम्बन्धी ऐनको व्यवस्थाअनुसार १८ वर्ष उमेर पूरा गरेका र १८ वर्षमुनिका बालकलाई छुट्टाछुट्टै स्थानमा राख्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस्तै पुर्पक्षका लागि बाल सुधार गृहमा पठाइएका र फैसलापछि दोषी देखिएर सुधार गृहमा आएका बालकलाई कानुनबमोजिम छुट्टाछुट्टै राख्नुपर्ने देखिन्छ। यस्तै बालबालिकाको स्वास्थ्यसम्बन्धी प्रतिवेदन हरेक ६ महिनामा तयार पार्नुपर्ने देखिन्छ। यस्तै हरेक बाल सुधार गृहमा बाल मनोसामाजिक परामर्शदातामार्फत बालकहरूलाई परामर्श दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। बन्दी संख्याका आधारमा सुधार गृहको क्षमता बढाउनुपर्ने र गृहमा बालमैत्री वातावरण हुनुपर्ने बालबालिकासम्बन्धी क्षेत्रमा काम गर्दै आएको सिविन नेपाल विराटनगरका प्रमख वासुदेव अधिकारीको सुझाव छ।



विराटनगरस्थित बाल सुधार गृह। *तस्बिर : नागरिक*

> बाल सुधार गृहमा क्षमताभन्दा अत्यधिक बालक राखिनु मुख्य समस्या हो। खाने, आराम गर्ने, सुत्ने, खेल्नेलगायत सबै खालका सुविधाबाट बालकहरू वञ्चित छन्। राती सुत्दासमेत पालो गरेर सुत्नुपरेको त्यहाँका बालकहरूको गुनासो छ। तर पनि सुधार गृहमा क्षमताभन्दा बढी बालक हुँदाहुँदै थपिने क्रम बढ्दो छ।

## मौरी चराउन दाङ पुगे मौरीपालक

नवलपुर, कात्तिक २२ (रासस)- नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का मौरीपालक किसान चरनका लागि पश्चिमतर्फ लागेका छन्। दाङलगायतका जिल्लामा करिब एक महिना पहिले तोरी फुल्ने भएकाले नवलपुरका किसान मौरी लिएर दाङ लागेका हुन्।

नवलपुर तथा चितवनलगायतका छिमेकी जिल्लामा तोरीलगायतका अन्नबाली ढिला फुल्ने तथा यहाँका किसानले आफ्नो अन्नबालीमा विषादीको प्रयोग धेरै गर्दा मौरीपालक किसान मौरी बोकेर डुल्नुपर्ने अवस्था सिर्जना भएको मौरी किसानको गुनासो छ। गैंडाकोट- ४ मा व्यावसायिक रूपमा मौरी पाल्दै आएका विजय मौरी फार्मका सञ्चालक तेजबहादुर रानाले बर्सेनि मौरी चराउन जिल्लाबाहिर लैजानुपर्ने बाध्यता भएको बताए। मौरी चराउन लैजान र ल्याउन साह्रै गाह्रो हुने गरेको रानाले गुनासो गरे।

मौरीको घारलाई ट्रकमा राखेर रातको समयमा दाङसम्म पुर्‍याउने गरेको उनले बताए। मौरी लैजाने र ल्याउने गर्दा नै एउटा सिजनमा एक लाखभन्दा बढी खर्च हुने गरेको उनले बताए। कात्तिकदेखि फागुनसम्म प्राकृतिक रूपमा फूल फुल्ने समय भएकाले यो समयमा मौरीले धेरै मह उत्पादन गर्ने उनको भनाइ छ।

मह उत्पादन र खपत हुने हिउँदको समयमा सरकारले विदेशबाट मह आयात गर्दा स्वेदशी मौरीपालक किसान मर्कामा पर्ने गरेको विष्णुप्रसाद भुसालले बताए। 'सरकारले नीति बनाएर नै नेपाली किसानको मह बिक्री नभएसम्म मह आयात गर्न नपाइने अवस्था सिर्जना गर्नुपर्छ', उनले भने, 'नेपालमा प्राकृतिक रूपमा शुद्ध मह उत्पादन हुने भएकाले गुणस्तरीय हुने भन्दै आयात गरिएका मह गुणस्तरीय नहुने गरेको प्रयोगशालाबाट पुष्टि भएको छ।' सरकारको अनुगमन संयन्त्रले जिल्लामा गरेको अनुगमनका क्रममा विभिन्न बहुराष्ट्रिय कम्पनीको ट्याग राखेर बिक्री भइरहेको मह गुणस्तरहीन भेटिएको भुसालको भनाइ छ।

'किसानको मह बिक्री नहुनु एउटा समस्या हो भने उपभोक्ताले गुणस्तरहीन मह उपभोग गर्नुपर्ने अवस्था अर्को गम्भीर स्वास्थ्य समस्या हो', उनले भने, 'सरकारले उपभोक्ता र किसानको हितलाई ध्यानमा राखेर मह आयातको नीति लिनुपर्छ।' किसानले विभिन्न स्थानमा मौरी डुलाएर प्राकृतिक रूपमा गुणस्तरीय मह उत्पादन गर्दा बजार नपाउनु भनेको राष्ट्रिय समस्या भएको उनले बताए। मध्य नेपालबाट पश्चिम नेपालको कपिलवस्तु, दाङलगायतका क्षेत्रमा अगौटे तोरी हुने र विषादी पनि नछर्ने भएकाले हिउँदको समयमा मौरी चरनका लागि लैजाने गरेको बताउँछन्।

व्यावसायिक रूपमा मौरीपालन गर्ने किसानले एउटा घारमा १० वटा फ्रेम बनाएर मौरी राख्ने र प्रतिघार बर्सेनि ६० किलोसम्म मह उत्पादन हुने गरेकोमा पछिल्लो समय मह उत्पादनमा गिरावट आएको भुसालले बताए। नेपालका व्यावसायिक मौरीपालक किसानले महको राम्रो उत्पादन हुने भएकाले विकासे मौरी (एपिस मेलिफेरा, एपिस सेरेना प्रजातिका मौरी) पालन गर्दै आएका छन्।


# Invitation for Bids

Government of Nepal
Ministry of Home Affairs

## Department of Immigration

Kalikasthan, Dillibazar, Kathmandu, Nepal
Date of Publication: 2082/07/23
Invitation for Bids No: DOI/G/NCB-01/2082-83

1. The **Department of Immigration** invites **electronic** bids from eligible bidders for the procurement of The Supply and Delivery of All In One Computer (AIO) under National competitive bidding – **Single Stage Single Envelope** procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu, Email: info@immigration.gov.np, Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office **Department of Immigration, Kalikasthan, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs **3000** till 2082/08/22 during office hours.
   OR
4. Bidders who choose to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document of a non-refundable fee of NRs **3000** (**Three Thousand Only**) in the following Rajaswa (revenue) account as specified below.
5. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Global IME Bank Ltd.**
   Name of Office: **Department of Immigration**
   Office Code no. **314033501(new)/27-314-16(old) Office**
   Account no.: **00004010000001** Rajaswa (revenue) Shirshak no. **14229**
6. Pre-bid meeting shall be held at **Department of Immigration, Kalikasthan, Kathmandu** at 2082/08/03
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2082/08/23. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 PM on 2082/08/23 at the office of the **Department of Immigration, Kalikasthan**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **60,000**, which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such cases the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



### गजुरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

## कवाडी कर संकलन सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस कार्यालयका लागि कवाडी कर संकलन कार्य ठेक्का द्वारा सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुकसंघ, संस्था वा फर्मबाट तपसिलको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो प्रकाशित गरिएको छ।

**ठेक्का सम्बन्धी शर्तहरु**

१. शिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन २०८२।०८।०८ गतेदिउँसो १२:०० बजे भित्र तोकिएको शाखाबाट रु. १,०००।- (फिर्ता नहुनेगरि) राजस्व बुझाई खरिद गरि ठेक्का प्रक्रियामा सहभागी हुन सकिनेछ। दरभाउ पत्र सो हि दिन १:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा सिलबन्दी दरभाउपत्रहरु खोलिने छ। दरभाउपत्र दाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्याङ्कन गरिने छैन।
२. यसका लागि आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को कर चुक्ता पत्र तथा करचुक्ताको म्याद थप प्रमाणपत्र,फर्म/ संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ।
३. आर्थिक वर्ष २०८२।०८३ को लागी न्यूनतम ठेक्का अंक रु. ४,४५,०००/- (अक्षेरुपी चार लाख पैतालिस हजारमात्र) VAT / TDS बाहेक कायम गरिएको छ।ठेक्का अवधी तीन आर्थिक बर्षको हुनेछ। ठेक्काको नबिकरण प्रत्येक आर्थिक बर्षको बक्यौता भुक्तान गरिसके पछि अघिल्लो आ.ब. मा कायम गरिएको न्युनतम ठेक्का अंकमा १०% थप गरी न्युनतम अंक कायम गरिनेछ। ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम समेत बुझाउनु पर्नेछ।
४. कबोल अंक अनुसारको रकम तिन किस्तामा बुझाउनु पर्नेछ। पहिलो वा चालु आर्थिक वर्ष २०८२।८३ को निम्ति कबुल गरेको रकमको सत प्रतिशत बुझाएपश्चात मात्र सम्झौता हुनेछ रबाँकी रकम(आर्थिक वर्ष २०८३।८४ र २०८४।८५) का लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८५ श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ। दोस्रो किस्ता २०८३ साउन १० गते भित्र बुझाउनुपर्नेछ र तेस्रो किस्ता २०८४ साउन १० गते भित्र बुझाउनुपर्नेछ।
५. ठेक्का नबिकरण बापत बुझाउनु पर्ने रकम तथा कागजात चालु आ.व. को साउन १० गते भित्र बुझाए पछी मात्र नबिकरण भएको मानिनेछ। सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन सरकारी बाँकी सरह रकम असुलउपर गरिनेछ। पछिल्ला २ वर्षको ठेक्का रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको आगामी आ.ब. २०८५ को श्रावण मसान्त सम्म म्याद भएकोब बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ।
६. सिलबन्दी दरभाउ पत्रसाथ रु. २३,०००।- (अक्षेरेपी तेइस हजार मात्र) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेकोधरौटी खाता नं. १०५०१००३०३००००००२ (ग-३ स्थानीय तह धरौटी खाता) मा जम्मा गरेको सक्कलै भौचर वा ७५दिनको म्याद भएकोक बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ।
७. दरभाउपत्र सदर भएको दरभाउपत्र दाताले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ।
८. बन्द हड्ताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन।
९. सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमासोअवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन।
१०. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।करका क्षेत्र र दरहरु यस गाउँपालिकाले तोके बमोजिम हुनेछ।
११. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।
१२. कवाडी कर गजुरी गाउँपालिकाको आर्थिक ऐन बमोजिम उठाउनु पर्नेछ।यसमा उल्लेखित नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।
१३. यस ठेक्का अन्तर्गतका दर तथा प्रक्रियामा द्विविधा पर्न गएमा सो को व्याख्या गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**यो समयमा राजनीतिभन्दा बाहिर रहने भन्ने कुनै चिज हुन्न। हरेक विषय राजनीतिक हुन् र राजनीति आफैंमा झुट, कपट, मूर्खता, घृणा अनि पागलपनको थुप्रो हो।**
**–जर्ज अर्वेल**

# नयाँ समय नयाँ चुनौती

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सहितका १० वाम दलको गठजोडबाट एक दल 'नेपाली कम्युनिस्ट पार्टी' गठन भएको छ। माओवादी केन्द्रबाट पुष्पकमल दाहाल र एकीकृत समाजवादीबाट माधवकुमार नेपालसहितका नेता यसको नेतृत्वमा छन्। उनीहरूले हाललाई नेतृत्वमा आफू रहे पनि भविष्यमा नयाँ नेतृत्व बनाउने आश्वासन दिएका छन्। गत भदौ २३-२४ को जेनजी आन्दोलनले मुलुकका वहुआयामिक क्षेत्रमा प्रभाव पारेको छ। यसले सबैलाई सुध्रिन प्रेरित गरेको छ। तैपनि सुधार सहज छैन। जबर्जस्ती पनि अब मिल्नुपर्ने भएको छ।

माओवादी केन्द्रका नेता जनर्दन शर्मा, एकीकृत समाजवादीका घनश्याम भुसाल र नेकपाकै अर्को घटक नेत्रविक्रम चन्दसमेत आपसमा कुराकानी गर्न थालेका छन्। अझ रोचक पक्ष अहिलेसम्म निर्वाचनमा खासै चासो नराख्ने चन्द अब निर्वाचनमा भाग लिने पक्षमा पुगेका छन्। पूर्वपञ्चलगायत मुलुकमा हिन्दु धर्म कायम हुनुपर्ने र राजतन्त्र स्थापना हुनुपर्ने पक्षमा रहेका नेताहरू पनि एकता गरेर अगाडि जानुपर्ने पक्षमा देखिन थालेका छन्।

यसबाहेक नयाँ दलहरू धमाधम खुल्दै छन्। सूचना प्रविधिका कारण चौतर्फी लोकप्रियता हासिल गरिरहेका कैयन् स्वतन्त्र व्यक्ति पनि यतिबेला दल निर्माणको पक्षमा लागेका छन्। धरानका मेयर हर्कराज राई (हर्क साम्पाङ) ले दल निर्माण गसिकेका छन्। काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) ले दल बनाउने हुन् वा होइनन् भन्ने अड्कलबाजी भइरहेको छ। मुलुकले नयाँनयाँ दलको खोजी मात्र गरिरहेको छैन, पुराना दल आफैंमा कति नयाँ भएर आउने हुन्, त्यसको पनि खोजी भइरहेको छ। नयाँ हुन् वा पुराना, सबैमाथि एक किसिमको दबाब रहेको महसुस गर्न सकिन्छ।

अहिलेसम्म राजनीतिक व्यक्तिहरूले यसै चल्छ भन्ने ठानेका हुन्। त्यही भएर तिनले सुध्रिनुपर्ने आवश्यकता देखेका थिएनन्। दलका ठुला नेताहरूले आफैंभित्र मात्र एकाधिकार गरेनन् मुलुकको संसद्लाई समेत कठपुतली बनाएका हुन्। संसद्ले राम्ररी काम गर्न नसक्दा मुलुकका समस्यामा यो प्रभावकारी हुन सकेन। कैयन् ठुला समस्या आउँदा समेत संसद्का ग्यालरी बैठक खाली रहेका हुन्। प्रमुख नेताहरूले तिनलाई कहिल्यै प्रभावकारी बनाउनुपर्ने दबाब महसुस गरेनन्। आज मुलुक जुन चुनौतीपूर्ण अवस्थामा आएको छ, त्यसको कारण यही हो।

लोकतन्त्रका मुख्य कर्ता दलहरू हुन्। तिनले आफूलाई जसरी अगाडि बढाउँछन्, त्यसरी नै मुलुकको लोकतन्त्रले आकार लिन्छ। हामीकहाँ २०४६ सालको जनआन्दोलन पछाडिको अधिकांश समय भनेको दलहरूकै शासन हो। तर तिनले किन सुशासन दिन सकेनन् भनी अध्ययन गर्नु पनि उत्तिकै आवश्यक छ। त्यो अवधिको असफलताबाट सिकेर नयाँ बाटो पहिल्याउने बेला हो यो। अहिलेसम्म दलहरूले निर्वाचनमा विजयी भएपछि प्राप्त हुने प्राविधिक बहुमतलाई नै शासनको आधार ठानेका हुन्। निःसन्देह मतदानका दिनमा अभिव्यक्ति हुने मतले सरकार निर्माणमा सहयोग पुग्छ। तर सरकार निर्माणपछि पनि आफूले पाएको मतलाई पुष्टि हुने काम गरिरहनुपर्ने हुन्छ।

> लोकतन्त्रका मुख्य कर्ता दलहरू हुन्। तिनले आफूलाई जसरी अगाडि बढाउँछन्, त्यसरी नै मुलुकको लोकतन्त्रले आकार लिन्छ। हामीकहाँ २०४६ सालको जनआन्दोलन पछाडिको अधिकांश समय भनेको दलहरूकै शासन हो। तर तिनले किन सुशासन दिन सकेनन् भनी अध्ययन गर्नु पनि उत्तिकै आवश्यक छ।

त्यसैले मतदानमा आफूले पाएको मतकै बलमा जथाभाबी गर्नेभन्दा पनि लोकप्रिय कामतर्फ आफूलाई लगाइरहनु आवश्यक छ। हिजोजस्तो अवस्था होइन आज। आज प्रत्येक व्यक्ति सूचना प्रविधिबाट सज्जित भएर आज क्रियाशील छन्। तिनले दिने प्रतिक्रिया आज एकाएक संसारभरि पुग्न सक्छ। त्यसकारण पनि यसमा ध्यान दिनु आजको आवश्यकता हो। सूचना दुरुपयोगको खतरा पनि उत्तिकै छ। त्यसैले पारदर्शी र सबैले महसुस गर्न सक्ने गरी काम गर्ने शैली आज भएन भने राम्रै गर्दागर्दै पनि समस्यमा परिने अवस्था छ। बंगलादेशले आर्थिक रूपमा राम्रै गर्दै गरेको भने पनि त्यहाँ एकाएक आन्दोलनको ज्वारभाटा आई सेख हसिनाको सत्ता डुबेको सबैले महसुस गरेकै छ।

लोकतन्त्रमा विश्वास गर्ने दलहरूले आफूलाई समयानुकूल परिवर्तन गर्दै मुलुकवासीको विश्वास जित्ने राजनीति अब चाहिन्छ। यसै पनि आजको राजनीतिमा फ्यान-फलोइङवाला फन्डाले काम गर्न थालिसकेको छ। जतिसुकै काम नलाग्ने व्यक्ति पनि जथाभाबी अभिव्यक्ति दिएर लोकप्रिय हुने समय पनि छ यो। तर यस्तो समय सधैं रहँदैन। ठोस काम गरेर लोकप्रियता हासिल गर्दै देशलाई सही बाटोमा लैजान सकिने अवस्था रहन्छ। अब दलहरूले अहिलेसम्मको टर्रा बन्द गर्दै नयाँ किसिमले काम गर्न प्रतिबद्ध हुने बेला आयो। जेन-जी आन्दोलनले ल्याएको चेतनालाई अनुभूत गर्दै अगाडि बढ्ने त्यही उमेरसमूहको चेतनालाई समेत दलभित्र प्रवेश गराउन ढिला गर्नुहुँदैन। यसो भयो भने मात्र नयाँ समयका नयाँ चुनौती सामना गर्न सहज हुन्छ।



गुणराज लुइँटेल

# नअल्झाऊ यो सरकारलाई

**काठमाडौंका मेयर बालेन साह र धरानका मेयर हर्क साम्पाङलाई आदर्श मान्ने नेपाली युवाका लागि अर्को मिलेनियल नेता न्युयोर्क सिटीको मेयर बन्नु प्रेरणादायी उदाहरण हो।**



अग्रज पत्रकार कनकमणि दीक्षितले भर्खरै एउटा पर्यवेक्षण सामाजिक सञ्जालमा लेखेका छन्, 'मैले बुझेसम्म सुशीला कार्की सरकारलाई घेराबन्दी गर्ने योजना बुझिँदै छ, विभिन्न साइडबाट। यो ठिक होइन।'

अचेल सामाजिक सञ्जाल एक्स (विगतको ट्विटर) मा धेरै मानिसले ध्यान दिँदैनन्। तथापि एक किसिमका मानिसले अझै यसलाई प्रयोग गर्छन्। पत्रकार दीक्षितको यो अभिव्यक्ति आएपछि केहीले टिप्पणी गरेका छन्। त्यसमध्ये अर्का अग्रज सम्पादक युवराज घिमिरेसम्म छन्।

उनी लेख्छन्, 'हाम्रो शासन प्रणालीमा एक वा अर्को स्वार्थ समूहले प्रधानमन्त्रीलाई जहिल्यै 'घेराबन्दी'को कोसिस गर्छन्।

जेनजी आन्दोलनको बलमा सुशीला कार्की नेतृत्वको सरकार बनेको हो। भदौ २३ गते युवाहरूको सहादत र त्यसको भोलिपल्ट 'स्वार्थ समूह'ले मुलुकमा गरेको अकल्पनीय तोडफोडपछि देश समाल्न सक्ने व्यक्तिको खोजी भएको हो। असाधारण अवस्था नभई यस किसिमको सरकार बन्दैन।

राष्ट्रपति रामचन्द्र पौडेलले त्यतिबेला 'जुक्ति' निकालेर यो नियुक्ति गर्न सकेको जानकारी गराएकै हुन्। मुलुकको विषम परिस्थितिलाई समाल्ने गरी 'आवश्यकताको सिद्धान्त'बाट यो सरकार बनेको हो। यसलाई तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी दिइएको छ। ती पूरा गर्न सबैले सहयोग गर्न नसके पनि असहयोग गर्न हुँदैन। यो सरकारलाई असहयोग गर्दा आउन सक्ने परिणाम सुखद हुने छैनन्।

अहिलेको सरकारलाई अन्य सरकारजस्तै ठान्दा आउने परिणाम अकल्पनीय हुनेछ। अहिलेको अवस्था त्यत्तिकै आएको होइन। झन्डै दुई तिहाइको शक्ति र समर्थन लिएको केपी शर्मा ओलीको सरकार यसरी बिचैमा हट्नुपर्ने थिएन। उनको शासनशैलीले श्रीलंका र बंगलादेशका घटनाक्रमाई यहाँ आकर्षित गर्छ भन्ने अनुमान पनि भएकै हो। सुरक्षा निकायले पनि उनलाई यसबारे जानकारी नगराएका होइनन्।

ठुला राजनीतिक परिवर्तनपछि सरकार परिवर्तन स्वाभाविक हो। धन्य, हामीकहाँ राष्ट्रपतिको सुझबुझ, कानुनका ज्ञाताको परामर्श र मुलुकका त्यतिबेला विद्यमान शक्तिहरूको भरथेगले यो सरकार बन्न सम्भव भएको हो। तर, यो सरकार बनीकन नेपालमा आफ्नो स्वार्थको रोटी सेक्दै आएको वर्ग भने अहिले हतास भएको छ।

यहाँसम्म कि प्रमुख दल, यहाँको बौद्धिक तप्कादेखि उद्योगी व्यवसायी वर्गसमेतलाई अहिलेको सरकारसँग कुनै आपत्ति छैन। आपत्ति तिनैलाई छ, जसले मुलुकको लोकतान्त्रिक गणतन्त्रलाई समेत विकृत तुल्याए। यो मुलुकमा बिचौलियाहरूको एउटा समूह छ, जसले जहिल्यै देशमा सरकार चलाएको छ। तिनले आफ्नो स्वार्थअनुरूप निर्णय गराएका छन्।

अहिलेको सरकारबाट तिनले अपेक्षा गरेअनुसारको काम हुँदैन भन्नेमा निश्चिन्त हुन सकिन्छ। त्यति मात्र होइन, निर्वाचन नै यो सरकारको काम हो भन्नेमा प्रधानमन्त्री कार्कीदेखि मन्त्रिपरिषद् सदस्यहरूले प्रत्येक दिनजस्तो आश्वस्त तुल्याइरहेका छन्। निर्वाचनभन्दा अन्य उद्देश्य राख्नेबित्तिकै अलमल सुरु हुन्छ। त्यसपछि मुलुकलाई अरु अप्ठ्यारोतिर लैजाने काम हुन्छ।

यसबिच विभिन्न पात्रका नाम सार्वजनिक भएका छन्, जो कार्की सरकारको ठाउँमा आफू जान चाहन्छन्। तिनलाई स्वार्थ समूहले बोकेको पनि देखिएको छ। अहिलेको पारदर्शी समयमा कसैले पनि मेरा गतिविधि थाहा पाएका छैनन् भन्ने नसोचे हुन्छ। त्यसमा पनि ठुलो ओहदामा पुगिसकेका र अवकाशमै रहेर पनि चलखेल गरिरहेका पात्रहरूका बारेमा जानकारी नहुने कुरा भएन।

हाम्रो मुलुकमा भ्रष्टाचारको 'इकोसिस्टम' चलाउने थोरै पात्र छन्। तिनको निरन्तर दुरुपयोगले अहिलेको अवस्था ल्याएको हो। आजभन्दा ४० वर्षअघि नेपालमा सडकले पारेको सामाजिक प्रभावबारे अध्ययन गरेर 'नेपाल इन क्राइसिस' लेख्ने बेलायती समाजशास्त्री डेभिड सेडनसमेत नेपालको पछिल्लो अवस्थादेखि छक्क परेका रहेछन्। उनले पछिल्लो समय निरन्तर यहाँका सञ्चार माध्यमले भ्रष्टाचारका बारेमा लेखेको अनुभव गरेका रहेछन्। उनले हालैको एक भेटमा भने, 'आन्दोलन पछाडिको एउटा कारण र जेनजीको माग यससँग मिल्छ।'

> भदौ २३ गते युवाहरूको सहादत र त्यसको भोलिपल्ट 'स्वार्थ समूह'ले मुलुकमा गरेको अकल्पनीय तोडफोडपछि देश समाल्न सक्ने व्यक्तिको खोजी भएको हो। असाधारण अवस्था नभई यस किसिमको सरकार बन्दैन।

हो, अब यहींनिर आएर बुझ्न सकिन्छ, नेपाली समाजले धेरै प्रगति गर्न सक्ने हो। लोकतन्त्र भएपछि यो प्रतिस्पर्धामा आधारित हुने र सबैले अवसर पाउनुपर्ने हो। समाजवाद यसको आधार हुनुपर्ने हो। तर, ४० वर्षअघि नेपाली सर्वसाधारणको अवस्था जे थियो, आज पनि तिनको अवस्था सुध्रिएको छैन। तीमध्ये कैयन् सहरमा आएका छन्। सहरी गरिबीमा पिसिएका छन्। यहाँ आरामको जीवन जिउने भनेका धेरै थोरै छन्। बढ्दो असमानताले यो अवस्था ल्याएको हो।

आज जसले आफ्ना सपना पूरा गर्ने आश्वासन दिन्छ, त्यतै सर्वसाधारण आकर्षित हुन थालेका छन्। आजको सूचना प्रविधिको युगमा अब सरकार ढाल्न र ढलाउन केही बेर लाग्ने भएन। हामीकहाँ एकदमै शक्तिशाली ठानिएको ओली सरकार ३६ घण्टामा ढलेको हो। तर, अब अहिलेको सरकार ढालेर अर्को कुनै सरकार बनाउने चाहना कसैमा छ भने त्यो सरकार ढल्न पनि धेरै समय लाग्दैन।

समय-परिस्थिति यस्तो आएको छ कि लाखौं मानिस सडकमा आउन धेरै मेहनत गर्नै पर्दैन। आजको हिजो जिरोमा झर्ने र कसैले नपत्याएको खोलाले बगाउने अवस्था पनि आइसकेको छ। न्युयोर्कको मेयरमा विजयी जोहरान मामदानीको पछिल्लो घटनाक्रमले पनि यो पुष्टि गरिसकेको छ। सुरुसुरुका दिनमा एक मिनेट समय पनि नपाउने उनी यतिबेला तल्लो आर्थिक अवस्था भएका न्युयोर्कबासीका भरोसाका केन्द्र बनेका छन्। उनीप्रतिको आकर्षण यतिबेला संसारको चासोको विषय बनेको छ।

हामीकहाँ पनि अहिले जेजति व्यक्ति नयाँ नेताका रूपमा देखिँदै छन्, तिनीहरू पनि रातारात यो अवस्थामा पुगेका छन्। सूचना प्रविधिले नयाँ नेतृत्व र अवसर ल्याइरहेको छ। मानिसका निम्ति फेरि समाजवादी सोच र चिन्तन भएका नेताको खोजी भइरहेको छ। यस्तो अवस्थामा अहिलेको राजनीतिलाई भाँडेर केही दिनका निम्ति सरकार बनाउन खोज्ने प्रवृत्ति झनै खतरनाक छ।

जुन उत्पातको अवस्थाबाट हामी बिस्तारै सामान्य अवस्थामा आएका छौं, यो आफैंमा हाम्रो उत्थानशील चरित्रले ल्याएको अवस्था हो। त्यसैले यो अवस्थामा निर्वाचन गर्ने र गराउनतिरभन्दा अन्यत्र ध्यान गयो भने त्यसले राम्रो परिणाम ल्याउँदैन। विशेष गरी तीन शीर्ष नेता केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालप्रति अहिले मुलुकमा नकारात्मक अवस्था पैदा भएको छ। यी तीन नेताले अब आफूलाई केही समय प्रतीक्षामै राख्नुपर्ने देखिन्छ।

जसरी तत्कालीन राजा ज्ञानेन्द्र २०६३ सालमा राजपाठ बुझाएर ढुक्कले 'सेलिब्रेटी' बनेर हिँडिरहेका छन्, यी तीन नेताले पनि गर्ने त्यही हो। तत्कालीन राजालाई फेरि सत्ता लिनुभन्दा दलहरूले आग्रह नगरी अगाडि नबढ्ने जुन संकेत गरे, त्यो नै महत्त्वपूर्ण पक्ष हो। वास्तवमा अब यी नेताहरूले धेरै जुरुकजुरुक गर्नु आवश्यक छैन। देउवाले दलबाट लगभग बिदाइ लिइसकेका छन्। दाहाल आफ्नो स्वभावअनुसार फेरि पनि वामदल मिलाउनतिर लागेका छन्। एकपछि अर्को गर्दै ध्रुवीकरण भइरहेको छ।

वास्तवमा हाम्रो मुलुकमा जेनजी आन्दोलनमार्फत लोकतन्त्रलाई नवीकरण गर्ने अवसर आएको छ। अब केही महिनाको मात्रै कुरा हो। मुलुक लोकतन्त्रमै रहने भयो, त्यो खुसीको पक्ष हो। एउटा उन्नत लोकतन्त्र जसले सर्वसाधारणलाई संरक्षण गर्छ, अहिलेसम्म देखिएका विकृतिको अन्त्य गर्छ र वास्तवमै प्रतिस्पर्धात्मक र गुणवत्तामा आधारित शासन व्यवस्थाले मात्र यथार्थमा मुलुकका समस्या समाधानमा मद्दत पुऱ्याउन सक्छ। त्यसका लागि निर्वाचनलाई उपयोग गरी सबैले नयाँ मार्ग पहिल्याउने मौका हो।

अब पनि सरकारमाथि घेराबन्दी गर्ने, अहिलेको सरकारका प्रधानमन्त्रीको राजनीतिक बल छैन र हामीले चाह्यौं भने जे पनि गर्न सक्छौं भन्ने लागेको छ भने त्यो गलत हो। सरकारलाई 'घेराबन्दी' होइन भविष्यको सुशासनको सरकार निर्माणको अवसरका रूपमा यसलाई उपयोग गर्नुको विकल्प छैन। नेपाल योभन्दा तल जान सक्दैन। नयाँ संसद् आएपछि देशले खोजेको बाटोतिर जानेछ।

@gunaraj

# मानसिक स्वास्थ्यजस्तै महत्त्वपूर्ण मानसिक उमेर

**कसैको उमेर २० वर्ष भए पनि सोच्ने तरिका, भावनात्मक नियन्त्रण र निर्णय क्षमताले उसलाई १५ वर्षको मानसिक उमेरमा देखाउन सक्छ। फेरि कतिपय १६-१७ वर्षका युवाहरू जिम्मेवारी, समझदारी र आत्मनियन्त्रणका हिसाबले २५ वर्षका जस्ता परिपक्व पनि देखिन सक्छन्।**



डा. नम्रता पाण्डे



आजको समयमा मानसिक स्वास्थ्य सबैको मुखमा चल्ने विषय बनेको छ। विविध आयामबाट हामी शरीरको स्वास्थ्यमा ध्यान दिन्छौं- पोषण, व्यायाम, निद्रा, सरसफाइ आदि। तर मानसिक उमेरको पक्षमा भने अझै पनि गहिरो ध्यान दिन बाँकी छ। विशेष गरी युवावस्थामा आउने मानसिक समस्या आज समाजमा तीव्र रूपमा देखिन थालेका छन्- तनाव, चिन्ता, आत्मविश्वासको कमी, एक्लोपन र सम्बन्धका कठिनाइहरू। यो गर्नुपर्ने, थाहा हुनुपर्ने तर पछि परेको एउटा गम्भीर पक्ष छ, जसबारे हामी प्रायः कुरा गर्दैनौं- मानसिक उमेरको।

**मानसिक उमेर भनेको के हो ?**

मानसिक उमेर भन्नाले व्यक्तिको बौद्धिक, भावनात्मक र सामाजिक परिपक्वताको स्तर जनाउने मापन हो। यो जैविक उमेरभन्दा फरक हुन्छ। कसैको उमेर २० वर्ष भए पनि सोच्ने तरिका, भावनात्मक नियन्त्रण र निर्णय क्षमताले उसलाई १५ वर्षको मानसिक उमेरमा देखाउन सक्छ। फेरि कतिपय १६-१७ वर्षका युवाहरू जिम्मेवारी, समझदारी र आत्मनियन्त्रणका हिसाबले २५ वर्षका जस्ता परिपक्व पनि देखिन सक्छन्। तर हामी १६ वर्षको युवाले २५ वर्षको जस्तो काम र कुरा गर्दा दंग पर्छौं र असाधारण मान्छौं। अर्कोतर्फ ५० वर्षको मान्छेले २० वर्षको जस्तो व्यवहार गर्दा बचपन जस्तो ठान्छौं। यो पनि सही होइन, उमेरअनुसारको परिपक्वता र व्यवहार नै प्राकृतिक हुन्छ।

**युवावस्थामा मानसिक असन्तुलन किन बढ्दै छ ?**

अहिलेका हाम्रा युवाहरू- हाम्रा छोराछोरीहरू सानै उमेरदेखि अत्यधिक जानकारी, अपेक्षा र प्रतिस्पर्धाको घेराभित्र हुर्कीरहेका छन्। जो उमेर स्वतन्त्र सोच, सिर्जनशीलता र जीवन बुझ्ने अभ्यासको हुनुपर्ने हो, त्यही उमेरमा उनीहरू मानसिक थकान, अस्थिरता र आत्म-सन्देहमा फसिरहेका छन्। यसका मुख्य कारणहरूमा सामाजिक सञ्जालको प्रभाव प्रमुख छ। निरन्तर एक अर्कासँग तुलना, लाइक्स र फोलोअर्सको संख्याबाट आत्ममूल्य मापन गर्न थालेका युवाहरू आफूलाई पर्याप्त नभएको महसुस गर्छन्। यो नजानिदो प्रतिस्पर्धा उनीहरूको आत्मविश्वासलाई मुट्ठीभर भर्चुअल स्वीकृतिमा सीमित पार्दै लैजाँदै छ। आफ्नो वास्तविक पहिचानभन्दा पनि अरूको नजरमा कस्तो देखिन्छु भन्ने चिन्ता बढी भएको छ। त्यसैगरी, शिक्षा र रोजगारीको प्रतिस्पर्धा अर्को ठुलो कारण हो। आजको शिक्षा प्रणालीले सिर्जनशील सोचभन्दा अंक र उपलब्धि केन्द्रित बनाएको छ। रोजगारीमा तलब, हैसियत र बाहिरी सफलता मात्र मापनको आधार बनेको छ। फलस्वरूप, युवा वर्गमा असफलता सहन नसक्ने मानसिकता, आत्म-दबाब र निराशा तीव्र रूपमा बढ्दै गएको छ। त्यसैगरी, भावनात्मक संवादको कमी हाम्रो पारिवारिक र सामाजिक संरचनामा ठुलो चुनौती बनेको छ। घरमा अभिभावकहरू व्यस्त, बालबालिका स्क्रिनमा हराएका छन्। त्यसैले हृदयदेखि हृदयसम्मको संवाद हराउँदै गएको छ। मनको कुरा राख्ने, सुन्ने र बुझ्ने संस्कार कमजोर हुँदै गएको छ। डिजिटल एक्लोपन पनि आधुनिक जीवनशैलीको नयाँ आदतजस्तै बन्दै गएको छ। हजारौं अनलाइन साथी भए पनि मन बुझ्ने कोही छैन जस्तो छ। भर्चुअल संसारले वास्तविक सम्बन्ध कमजोर बनाइरहेको छ। यसले युवाहरूलाई एक्लोपन, बेचैनी र असुरक्षाको गतिमा धकेलिरहेको छ। अन्त्यमा, आर्थिक र सामाजिक असुरक्षा पनि ठुलो कारण बन्दै गएको छ। रोजगारीको अनिश्चितता, बढ्दो मूल्यवृद्धि र सामाजिक दबाबले युवाहरूमा भविष्यप्रतिको डर बढाएको छ। त्यो डरले उनीहरूलाई वर्तमानको सुन्दरता देख्न दिँदैन, जीवनप्रति विश्वास घटाउँछ। त्यसैले आजका युवाहरू केवल भौतिक चुनौतीसँग होइन, आन्तरिक द्वन्द्वसँग पनि जुधिरहेका छन्। यो समस्या समाधान गर्नका लागि हामीले तिनीहरूको मानसिक स्वास्थ्यसँगै भावनात्मक परिपक्वताको विकासमा ध्यान दिनु जरुरी छ। जहाँ सुन्ने, बुझ्ने र मनको सन्तुलन राख्ने अभ्यास शिक्षा र परिवार दुवैको संस्कृतिमा समावेश हुनुपर्छ।

**मानसिक उमेरका फरक आयामहरू**

मानसिक उमेरलाई बुझ्दा विभिन्न आयामबाट हेरिनुपर्छ-बौद्धिक आयाममार्फत समस्या समाधान गर्ने क्षमता, निर्णय लिने सोच। भावनात्मक आयाममार्फत आफ्नो र अरूको भावनालाई बुझ्ने र नियन्त्रण गर्ने क्षमता। सामाजिक आयाममार्फत सम्बन्ध बनाउने, संवाद गर्ने र सहानुभूति प्रकट गर्ने क्षमता। आध्यात्मिक आयाममार्फत जीवनको अर्थ, मूल्य र आन्तरिक शान्तिको खोज। यी सबै आयाम मिलेर नै व्यक्तिको मानसिक उमेर र मानसिक स्वास्थ्य सन्तुलित रहन्छ।

**मानसिक स्वास्थ्य र मानसिक उमेर सन्तुलनका उपायहरू**

स्वचेतना-आफ्नो भावना, डर र अपेक्षा बुझ्ने प्रयास गर्नु पहिलो उपाय हो। ध्यान र योगमार्फत मनलाई स्थिर र केन्द्रित बनाउने अभ्यास निरन्तर जरुरी छ। साथै, सकारात्मक सोच, असफलतामा पनि सिकाइ खोज्ने दृष्टिकोणको विकास गर्दै जानुपर्छ। सामाजिक संवादमार्फत परिवार, साथी वा परामर्शदातासँग खुलेर कुरा गर्नु जरुरी हुन्छ। त्यसैगरी, आत्म-अनुशासन, समय व्यवस्थापन, संयम र स्वस्थ बानीको अभ्यास गर्नुपर्छ। आफूसँग भएको सिप र सन्तुलनलाई पढाइ वा कामसँगै कला, संगीत वा प्रकृतिसँग समय बिताउनु पनि महत्त्वपूर्ण पक्ष हो। समग्रमा भन्नुपर्दा मानसिक स्वास्थ्य केवल रोग नभएको अवस्था होइन, यो सन्तुलन, समझदारी र आत्मविकासको यात्रा हो। हामीले युवाहरूको मानसिक स्वास्थ्य मात्र होइन, मानसिक उमेरको विकास पनि बुझ्नु आवश्यक छ। यदि हामीले विद्यालय, परिवार र समाजमा भावनात्मक साक्षरता र आत्मजागरुकता बढायौं भने युवाहरूले जीवनका चुनौतीलाई दृढ मानसिकतासँग सामना गर्न सक्नेछन्।

**युवामा मानसिक उमेरका असन्तुलनका केही उदाहरण**

भावनात्मक अपरिपक्वता जस्तै- सुनिता २२ वर्षकी विश्वविद्यालय जाने विद्यार्थी हुन्। उनको पढाइमा राम्रो क्षमता छ तर सानो असफलतामा उनले आफैंलाई दोष दिन्छिन्, रुन्छिन् र पढाइबाटै टाढा हुन खोज्छिन्। यसलाई विश्लेषण गरेर हेर्दा उनी शारीरिक रूपमा प्रौढ भए पनि भावनात्मक रूपमा अझै किशोरावस्थामा जस्तै प्रतिक्रिया दिन्छिन्। यस्तो मानसिक उमेरको असन्तुलनले आत्मविश्वास घटाउँछ र मानसिक स्वास्थ्यमा असर पार्छ।

त्यसैगरी निर्णय क्षमताको कमी, जस्तै- राजेश २४ वर्षका छन् र रोजगारी खोज्दै छन्। उनले हरेक केही महिनामा योजना बदल्छन्, कहिले विदेश जाने, कहिले व्यवसाय सुरु गर्ने, कहिले पढाइ थप्ने। हामी बुझ्न सक्छौं, यस्तो निर्णय अस्थिरता मानसिक परिपक्वता नहुँदाको संकेत हो। उनी जीवनका प्राथमिकता र जिम्मेवारीबारे स्थायी सोच विकास गर्न सकेका छैनन्।

अर्को पक्ष हो, सामाजिक परिपक्वताको कमी, जस्तै- केही युवा साथीहरू सानो मतभेद वा आलोचनामा तुरुन्तै रिसाउँछन्, ब्लक गर्छन् वा सम्बन्ध तोड्छन्। यो व्यवहार सामाजिक परिपक्वता कमजोर भएको संकेत हो। यस्ता युवाहरू संवाद, सहिष्णुता र सहमतिको अभ्यास गर्न सक्दैनन्, जसले सम्बन्ध दिगो र सुमधुर हुन पाउँदैन र एक्लोपन बढाउँछ। त्यसैगरी, अत्यधिक आत्मकेन्द्रितता, जस्तै- सुरेश २१ वर्षका छन्। उनलाई आफ्नो इच्छा र सुविधाबाहेक अरूको भावनामा ध्यान दिन कठिन लाग्छ। परिवार वा समूहको हितभन्दा आफ्नै फाइदा हेर्छन्। यसबाट बुझ्न सक्छौं कि मानसिक उमेर अझै आत्ममुग्ध चरणमै अड्किएको छ। यस्तो सोचले दीर्घकालीन सम्बन्ध, सहकार्य र सहानुभूति विकासमा अवरोध पुऱ्याउँछ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको डिजिटल निर्भरता र तात्कालिक सन्तुष्टिको चाहना। जस्तै- अञ्जलीलाई सामाजिक सञ्जालमा लाइक्स नआएमा चित्त दुख्छ, आत्ममूल्य घट्छ र मनोबल कमजोर हुन्छ। यस्तो अवस्था भनेको यो डिजिटल युगको नयाँ मानसिक उमेर समस्या हो। दीर्घ प्रतीक्षा र वास्तविक प्रयासभन्दा तुरुन्त परिणाम चाहने सोचले मानसिक सहनशीलता कमजोर पार्छ। त्यसैगरी, आर्थिक वा पारिवारिक जिम्मेवारी नलिनु, कसैले २५ वर्ष पुगे पनि अझै आफ्ना निर्णयको जिम्मा लिन तयार हुँदैन, सधैं अभिभावक वा साथीहरूमा निर्भर रहन्छ। यसलाई भावनात्मक र सामाजिक परिपक्वता अभावको संकेत मानिन्छ। यसले आत्मनिर्भरता र जीवन कौशल विकासमा अवरोध गर्छ। समग्रमा भन्नुपर्दा, मानसिक उमेर उमेरका वर्षसँग स्वतः बढ्दैन। यसको विकासका लागि भावनात्मक सचेतता, आत्म-अवलोकन र सामाजिक जिम्मेवारीको अभ्यास आवश्यक छ। युवाहरूको मानसिक स्वास्थ्य सुदृढ बनाउन हामीले विद्यालय, परिवार र समाजमा मानसिक उमेरको विकासलाई पनि समान रूपमा प्राथमिकता दिनु जरुरी छ।



हस्तान्तरण गरिएको डोलेश्वर प्रहरी चौकी भवन । जेनजी आन्दोलनबाट क्षति पुगेको भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नं ८ सिपाडोल डोलेश्वरस्थित यो भवन पुनर्निर्माण गर्न दुई लाख रुपैयाँ खर्च भएको थियो । *तस्बिर : कृष्ण किसी/नागरिक*

# दुध उत्पादन बढाउन ‘नश्ल सुधार कार्यक्रम’



ढोरपाटन, कात्तिक २२ (रासस)- बागलुङको जैमिनी नगरपालिकाले किसानलाई व्यावसायिक पशुपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई सुरु गरेको छ ।

पालिकाका करिब ९० प्रतिशत किसानले गाईभैंसी पालन गर्दै आए पनि व्यावसायिक रूपमा दूध उत्पादनमा लागेका छैनन् । किसानलाई दूध उत्पादनमार्फत आयआर्जनसँग जोड्न नश्ल सुधार कार्यक्रम सुरु गरेको हो ।

नगरपालिकाले नश्ल सुधार कार्यक्रम सुरु गरेपछि अहिलेसम्म तीन सय ३५ गाई र भैंसीमा निःशुल्क कृत्रिम गर्भाधान सम्पन्न भइसकेको पशु सेवा शाखा प्रमुख डा. अच्युत आचार्यले जानकारी दिए । नश्ल सुधार कार्यक्रमले पशुपालक किसान उत्साहित भएको उनको भनाइ छ । यो कार्यक्रमले जैमिनीका गाउँ-गाउँमा दूधको उत्पादन वृद्धि हुने र आत्मनिर्भर बनाउने डा. आचार्यले बताए ।

उनका अनुसार जैमिनीमा बर्सेनि करिब ५० लाख लिटर दूध उत्पादन हुँदै आएको छ । यसलाई बढाउने र किसानलाई आयआर्जनसँग जोड्दै जाने गरी यस वर्षदेखि नश्ल सुधार कार्यक्रम सुरु गरेको उनले बताए । नगरपालिकाले नश्ल सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ६ लाख विनियोजन गरेको छ । नगरपालिकाभर हाल १५ हजार गाई-भैंसी रहेको तर सबै किसानले व्यावसायिक रूपमा दूध उत्पादन नगर्ने डा. आचार्य बताउँछन् ।

उनले भने, ‘नश्ल सुधार कार्यक्रमले पशुपालक किसानलाई जोड्ने र व्यवसायप्रति आकर्षित गर्छ, यहाँका धेरै किसान गाई-भैंसी पाल्दै आएका छन्, तर नश्ल सुधारतर्फ धेरैको ध्यान गएको छैन, नश्ल सुधारपछि उत्पादन बढ्ने छ, किसानको मागअनुसार अहिले नश्ल सुधार गरिरहेका छौं ।’

स्थानीय कृषक विकास पौडेलले नगरपालिकाले सुरु गरेको नश्ल सुधारबाट आफूहरूलाई ठूलो टेवा पुगेको बताए । पहिले एउटा कृत्रिम गर्भाधान गराउँदा एक हजारदेखि एक हजार पाँच सय रुपैयाँ तिर्नुपरेको भन्दै अहिले नगरपालिकाले निःशुल्क सेवा दिएको उनको भनाइ छ । नश्ल सुधार कार्यक्रमले आफूजस्ता सयौं किसानलाई दूध उत्पादन बढाउन सहज हुने पौडेलले बताए ।

नगरपालिकाले किसानका लागि हरेक वर्ष नयाँ कार्यक्रम ल्याउने गरेको छ । गत वर्ष ‘किसान कल सेन्टर’ सञ्चालन गरेको थियो । यसबाट किसानका वस्तुभाउ बिरामी भए फोनबाटै समस्या नगरपालिकामा राख्न सक्थे र उपचारका लागि पशु प्राविधिक किसानका गोठमै पुग्ने गर्थे । यस वर्ष भने उत्पादनलाई बजारीकरण गर्न कृषि एम्बुलेन्स सेवा सुरु गरेको छ ।

# सहकारी संस्थाका उदाहरणीय कार्य

**कृष्ण किसी**

*भक्तपुर, कात्तिक २२*

सर्वसाधारणको बचत रकम कुम्ल्याई कतिपय सहकारीहरू बेपत्ता भइरहेका बेला केही सहकारीले उदाहरणीय काम गर्दै आएको पाइएको छ । भक्तपुर नगरपालिका वडा नं ९ च्याम्हासिंहस्थित भक्तपुर वचत तथा ऋण सहकारी संस्था लिमिटेड च्याम्हसिंहले ज्येष्ठ नागरिकका लागि आदर निकेतन सञ्चालनमा ल्याएर उदाहरणीय कार्य गरिरहेको पाइएको हो ।

सहकारी संस्थाको शनिबार भक्तपुरमा भएको २९औं संस्था स्थापना दिवसका अवसरमा अध्यक्ष निर्मल प्रजापतिले संस्थाले ज्येष्ठ नागरिकका लागि आदर निकेतन सञ्चालन गर्दै आएको जानकारी गराए । सहकारी संस्थाको संरक्षकत्वमा भक्तपुर आदर निकेतन २०७९ सालमा दर्ता भई २०८० जेठ महिनादेखि नियमित रूपमा सञ्चालन भइरहेको उनले जानकारी गराए ।

‘ज्येष्ठ आमाबुबाको सीप, ज्ञान र अनुभव सदुपयोग गर्नुका साथै उहाँहरूको दैनिकी सहज बनाउन सेवा भावले आदर निकेतन सञ्चालनमा ल्याएका हौं’, उनले भने, ‘त्यसकारण यहाँ नियमित स्वस्थकर भोजनको व्यवस्था, समय-समयमा स्वास्थ्य परीक्षण, मनोरञ्जन, भजनकीर्तन, हल्का व्यायामसहितको रमाइलो वातावरणमा आमाबुबाले सेवा पाइरहेका छन् ।’

सुरुमा निःशुल्क सेवा दिइरहेको तर पछि सेवा लिन आउने आमाबुबाले नै हामीले जीवनको यो उतरार्द्धसम्म पनि कसैको एक पैसा नखाएको र अहिले पनि कसैको खान नचाहेकाले शुल्क लिन अनुरोध गरेपछि अहिले प्रतिव्यक्ति मासिक एक हजार दुई सय रुपैयाँ शुल्क लिने गरेको उनले सुनाए । त्यसबाट उनीहरूलाई बिहानै चिया खाजादेखि खानाको व्यवस्था रहेको उनले जनाए । साथै हप्तामा एकपटक नर्स र महिनामा एकपटक डाक्टर ल्याई नियमित रूपमा स्वास्थ्य जाँचको व्यवस्था पनि रहेको उनले जनाए । हाल यहाँ क्षमताभन्दा पनि बढीले सेवा पाइरहेको उनले जानकारी गराए ।




आदर निकेतनलाई दुई लाख रुपैयाँको चेक हस्तान्तरण गरिँदै । *तस्बिर : नागरिक*

वार्षिकोत्सवका अवसरमा आदर निकेतनका लागि दाताले सहयोग पनि गरेका थिए । समाजसेवी शमशेर प्रजापति र मन्दिरा प्रजापतिले आदर निकेतनका लागि अक्षयकोषको रूपमा दुई लाख रुपैयाँ सहयोग गरेका थिए । आदर निकेतनका अध्यक्ष एवं सोही वडाका पूर्वअध्यक्ष लक्ष्मीप्रसाद कुसीलाई उनीहरूले दुई लाखको चेक हस्तान्तरण गरेका थिए ।

कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा कम्युनिस्ट डाक्टरका रूपमा परिचित डा. अशोकानन्द मिश्र र अन्तर्राष्ट्रिय खेलाडी विनोदचरण रायलाई बिजुक्छेले सम्मान गरेका थिए ।

# अस्पतालबाट गाउँपालिका सेवा

सिरहा, कात्तिक २२ (रासस)- जेनजी प्रदर्शनका क्रममा यहाँको औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी गरिएकामा सेवा प्रवाहमा समस्या भइरहेको छ । गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालको भवनबाट सेवा सञ्चालन गरी सहजता ल्याउने प्रयास भइरहेको छ ।

कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए । उनका अनुसार नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता आएको हो ।

अध्यक्ष यादवले भने, ‘पुरानो भवन कामै नलाग्ने गरी ध्यस्त भयो । हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहको छौं । गत वर्षदेखि निर्माण सुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न द्रूतगतिमा काम गर्न लगाएका छौं ।’ उनका अनुसार सात करोड ९४ लाख १८ हजार ८ सय ९० लागतमा नयाँ भवन निर्माण कार्य भइरहेको छ ।

अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छ भने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताए ।

हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन् । कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ । कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ ।

अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताए । उनले भने, ‘गाउँपालिकाका सेवाग्राहीको भीडभाडले गर्दा बिरामीलाई स्वास्थ्य सेवा दिन असहज भइरहेको छ । कोठा अभावमा बहिरङ्ग सेवा, प्रसूति सेवा र अस्पतालको प्रशासनिक कामकाज प्रभावित भएकाले नियमित स्वास्थ्य सेवा दिन समस्या देखिएको छ ।’

पन्ध्र शय्या क्षमताको अस्पतालमा हाल पाँच शय्या मात्रै सञ्चालनमा छन् । दैनिक एक सय हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनले जनाएको छ ।

# तीन ठाउँबाट लागुऔषधसहित चारजना पक्राउ

उदयपुर, कात्तिक २२ (नागरिक)- प्रहरीले शुक्रबार उदयपुर, धनकुटा र मोरङबाट प्रतिबन्धित लागुऔषधसहित चार युवालाई पक्राउ गरेको छ । उदयपुरको कटारी तथा मोरङको बेलबारी र धनकुटाबाट उनीहरूलाई नियत्रणमा लिएको हो ।

कटारी नगरपालिका वडा नं ४ का ३१ वर्षीय जितबहादुर थापा मगर पक्राउ परेका छन् । उनलाई प्रतिबन्धित लागुऔषध एक सय ९० ट्याब्लेटसहित शुक्रबार साँझ इलाका प्रहरी कार्यालय कटहरीबाट खटिएको टोलीले रंगेहात पक्राउ गरेको हो ।

त्यस्तै शुक्रबारै मोरङ र धनकुटाबाट थप तीनजनालाई लागुऔषधसहित पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । गोप्य सूचनाका आधारमा मोरङको इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको टोलीले बेलबारी नगरपालिका वडा नं १ का ३२ वर्षीय विज्ञान राईलाई पक्राउ गरेको हो ।

घरमै लागुऔषध बिक्री वितरण गरिरहेको भन्ने सूचना पाएपछि छापा हान्दा टोलीले राईलाई ट्रामाडोल चार सय ७ चक्की, डिक्लो ४ सय ७ ट्याब्लेट र एक सय ८ ग्राम गाँजासहित घरैबाट पक्राउ गरिएको जनाएको छ ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनकुटा टोलीले धनकुटा नगरपालिका वडा नं ६ का तिलक भुजेल र मौसम राईलाई ट्रामाडोल एक सय एक क्याप्सुल, स्पास्पेन ८६ ट्याब्लेट र डिकोलिक १८ ट्याब्लेटसहित नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकाहरू सबैलाई सम्बन्धित प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# उदयपुरमा एकै दिन चार दुर्घटना

**महेश्वर चामलिङ राई**

*उदयपुर, कात्तिक २२*

मदन भण्डारी लोकमार्गका विभिन्न तीन ठाउँसहित उदयपुरमा एकै दिन शुक्रबार चारवटा सवारी दुर्घटना हुँदा आधा दर्जन व्यक्ति घाइते भएका छन् । बिहान नौ बजेदेखि दिउँसो दुई बजेसम्म फरक-फरक ठाउँमा दुर्घटना हुँदा ६ जना घाइते भएका हुन् ।

बिहान ९:१० बजे मदन लोकमार्गअन्तर्गत त्रियुगा नगरपालिका वडा नं ९ कालीखोलामा गाईघाटबाट चुहाडेतर्फ जाँदै गरेको स ५ प ४०४१ नम्बरको स्कुटर र विपरीत दिशाबाट आउँदै गरेको बा प्र ०२-०१९ प १५३७ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाँदा तीनजना घाइते भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी मोटरसाइकल चालक रौतामाई गाउँपालिका वडा नं ७ मुर्कुचीका २२ वर्षीय सुरेन्द्र पुलामी मगर, पछाडि सवार उनकै आमा ४३ वर्षीया दिलकुमारी मगर र स्कुटर चालक त्रियुगा १२ शनिमन्दिरका २६ वर्षीय इमन कार्की घाइते भएका छन् ।

त्यसैगरी बिहान ११ बजे मदन लोकमार्गकै रौतामाई ७ घट्टादेखि मुर्कुचीतर्फ जाँदै गरेको बा ४० प ८२५२ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा सोही ठाउँका पैदलयात्री ८२ वर्षीय नारायणबहादुर कार्की घाइते भएका छन् ।

तेस्रो दुर्घटना मध्यान्ह १२:०० बजे मदन लोकमार्गअन्तर्गतमै पर्ने त्रियुगा १० आँखा अस्पतालनजिकै मुर्कुचीबाट बोक्सेतर्फ जाँदै गरेको नेपाली सेना पशुपतिप्रसाद गण बोक्सेको टु-टन गाडी र विपरीत दिशाबाट आउँदै गरेको मोटरसाइकल आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक झापाको कमल गाउँपालिका वडा नं ५ का ३७ वर्षीय गोपालबहादुर सार्की घाइते भएका छन् ।

त्यसैगरी दिउँसो दुई बजे त्रियुगा नगरपालिका वडा नं १० बोक्सेचोकनजिकै करमगाछीबाट गाईघाटतर्फ आउँदै गरेको मोटरसाइकलले बाटो काट्दै गरेका पैदलयात्री खोटाङको दिप्रुङ चिइचुम्मा गाउँपालिका वडा नं ७ टेम्मा घर भई त्रियुगा नगरपालिका वडा नं १० बोक्से बस्दै आएका रत्नबहादुर राईको १६ वर्षीय छोरा सुमन राई घाइते भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा संलग्न मोटरसाइकल र चालक फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी केदारमान दोङ्ले बताएका छन् ।

**Triyuga Municipality**
**Office of The Municipal Executive**
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

Date of Publication: 2082-07-23 (2025-11-09)

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-14/2082-083 | Construction of Shree Janapremi Ma.Vi. School Building, Tri.Na.Pa.-01, Udayapur | 10,377,478.76 | 3,000.00 | 275,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | **2082-08-24 (10th Dec. 2025) Time: -12:00 Hrs.** |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | **2082-08-24 (10th Dec. 2025) Time: -13:00 Hrs.** |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | **2082-08-14 (30th Nov. 2025) Time: -11:00 Hrs.** |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO’s website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

नागरिक आर्थिक

आइतबार २३ कात्तिक २०८२, Sunday 9 November 2025



## बजार

सुन तोला - २३८,४००

चाँदी तोला - ३०२०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| $ | अमेरिकी डलर - | १४१.५६ | १४२.१६ |
| € | युरो - | १६३.६१ | १६४.३० |
| £ | पाउन्ड स्टर्लिङ - | १८५.६६ | १८६.४४ |



तनहुँ जिल्लाको शेरामा मौसम सुधार भएसँगै शनिबारदेखि धान थन्क्याउँदै किसान। *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# आजबाट सुकुमवासी हटाउन सुरु

**भुवन शर्मा**

*काठमाडौं, कात्तिक २२*

काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका विकास प्राधिकरणले आइतबारदेखि धोबीखोला कोरिडोर लगायत उपत्यकाको नदी किनारा वरिपरि अतिक्रमित जग्गा खाली गर्न सुरु गर्ने भएका छन्।

प्राधिकरणले यसअघि नै धोबिखोला कोरिडोर वरिपरि अतिक्रमित एक सय ६८ रोपनी ६ आना दुई पैसा दुई दाम सरकारी जग्गा अतिक्रमण भएको प्रारम्भिक प्रतिवेदन तयार गरिसकेको छ।



धोबीखोला करिडोर। *तस्बिरः विकिपिडिया*

महानगर र प्राधिकरणले गत कात्तिक १४ गते अतिक्रमित जग्गा खाली गर्न सात दिनको सार्वजनिक सूचना जारी गरेका थिए। गत शुक्रबार सूचनामा उल्लिखित सात दिने म्याद सकिएको छ। सात दिने म्याद सकिएपछि आइतबारदेखि अतिक्रमित जग्गा खाली गराउन एक्सनमा उत्रने जानकारी महानगरका पदाधिकारीहरूले दिएका छन्। महानगरका सहायक प्रवक्ता ध्रुवकुमार काफ्लेले आइतबारदेखि अतिक्रमित जग्गा खाली गराउन महानगरले एक्सन सुरु गर्ने बताए।

महानगर र प्राधिकरणले संयुक्त तवरले निकालेको सात दिने सार्वजनिक सूचनाको म्याद सकिएकाले आइतबारदेखि एक्सनमा उत्रन लागेको उनको भनाइ छ। 'हामी अतिक्रमित सार्वजनिक जग्गा खाली गर्न एक्सनमा उत्रन लागेका हौं। सुकुमवासीको विरोधमा होइनौं। सार्वजनिक जग्गा जोजसले अतिक्रमण गरेको भए पनि कानुन अनुसार खाली गर्छौं', काफ्लेले भने। उनका अनुसार ठाउँ-ठाउँमा जग्गा भएकाहरू समेत सुकुमवासीको नाममा लामो समयदेखि काठमाडौंमा सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका छन्। त्यस्ता अतिक्रममित जग्गा खाली गरिने उनको भनाइ छ। यसबारे प्रतिक्रिया लिन प्राधिकरणकी विकास आयुक्त जानुका ढकाल र काठमाडौं आयुक्त सुनिता श्रेष्ठसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन।

'अतिक्रमित सार्वजनिक जग्गा र मापदण्ड विपरीतका संरचना खाली गर्ने/हटाउने निर्णय भएको जानकारी गराइन्छ', गत कात्तिक १४ गते महानगर र प्राधिकरणले निकालेको संयुक्त सूचनामा भएिको छ, 'स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ को दफा ४५ विपरीत भवनजन्य संरचना निर्माण गर्न नहुने र सोही ऐनको दफा अनुसार सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण, विकास व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको भएकाले यस विपरीत भए गरेका कार्यहरू सात दिनभित्र हटाइ सहयोग गरिदिनु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।'

साथै सूचनामा सार्वजनिक स्थानका अतिक्रमित तथा मापदण्ड विपरीतका संरचना नहटाए कारबाही गरी खाली गरिने चेतावनी दिइएको थियो। गत असोज २ गते धोबीखोला कोरिडोरमा अतिक्रमित जग्गा खाली गर्ने विषयमा प्राधिकरण र महानगरबिच सहमति भएको थियो। उक्त सहमति अनुसार गत शुक्रबार प्राधिकरण र महानगरले संयुक्त रूपमा सात दिने सूचना निकालेका थिए। महानगर र प्राधिरकणबिच भएको सहमतिमा प्राधिकरणको तर्फबाट प्राधिकरणका तत्कालीन जिल्ला आयुक्त सुवास बस्नेत र घनश्याम पौडेलले हस्ताक्षर गरेका छन्। बस्नेतको हाल प्राधिकरणबाट सरुवा भइसकेको छ।

> काठमाडौं जिल्ला आयुक्तको कार्यालयले गत पुसदेखि असार महिनासम्म गरेको अध्ययनअनुसार धोबीखोला कोरिडोर भंगालदेखि बागमती दोभानसम्म करिब १३ किलोमिटर क्षेत्रफलमा ठाउँ-ठाउँमा सरकारी जग्गा अतिक्रमणमा परेको भेटिएको हो।

उनको ठाउँमा सुनिता श्रेष्ठ आएकी छन्। बस्नेतको पालामा अतिक्रमित जग्गाको विषयमा अध्ययन गरिएको थियो। काठमाडौं जिल्ला आयुक्तको कार्यालयले गत पुसदेखि असार महिनासम्म गरेको अध्ययनअनुसार धोबीखोला कोरिडोर भंगालदेखि बागमती दोभानसम्म करिब १३ किलोमिटर क्षेत्रफलमा ठाउँ-ठाउँमा सरकारी जग्गा अतिक्रमणमा परेको भेटिएको हो।

बस्नेतका अनुसार नदी उकासका नाममा धोबीखोला कोरिडोरमा सार्वजनिक जग्गा अतिक्रमण भएको हो। नदी उकास भनेको नदीले बेलाबेलामा धार परिवर्तन गर्दा पुरानो खोला भएको ठाउँलाई नदी उकास भन्ने गरिएको छ। पुरानो खोला भएको ठाउँमा पानी हुँदैन। त्यसैले उक्त जग्गा खाली हुन्छ। त्यही मौकामा विचौलियाहरूले नापी कार्यालय तथा मालपोत कार्यालयका कर्मचारीहरूलाई प्रभावमा पारेर नदी उकास जग्गालाई व्यक्तिको नाममा दर्ता गर्ने गरेका छन्। धोबीखोला कोरिडोरमा भएको अतिक्रमणको विषयमा अध्ययन गर्न सहरी विकास मन्त्रालयले मन्त्रालयका उपसचिव महेश सिंहको संयोजकत्वमा गठित अध्ययन टोलीले प्रतिवेदनसमेत तयार गरिसकेको छ। उक्त टोलीमा विकास प्राधिकरणको तर्फबाट डोरकाजी श्रेष्ठ तथा सर्वेक्षक शरद रिजालसमेत सहभागी छन्। प्राधिकरणले यसअघि पनि अतिक्रमित सरकारी जग्गा फिर्ता गर्न पटक-पटक सूचना निकालेको थियो तर उक्त सूचना कार्यान्वयन भएन।

यसपटक जसरी भए पनि अतिक्रमित जग्गा खाली गर्ने प्रतिबद्धता गर्ने प्राधिकरणका कर्मचारीहरूले बताएका छन्। काठमाडौं उपत्यकामा २०२१, २०४२ र २०५६ सालमा नापी गरिएको थियो। त्यही बेला बिचौलियाहरूले नापीको टोलीमा खटिएका कर्मचारीलाई प्रभावमा पारेर ठाउँठाउँमा सरकारी तथा सार्वजनिक जग्गालाई व्यक्तिको नाममा लालपुर्जा बाँडेका थिए।

काठमाडौ उपत्यका सुकमवासीको संख्या कति छ भन्ने यकिन तथ्यांक अझै उपलब्ध छैन। केही वर्षअघि अधिकार सम्पन्न एकीकृत बागमती सभ्यता विकास समितिले गरेको अध्ययन अनुसार उपत्यकामा चार हजार हाराहारी परिवार सुकुमवासी रहेको अनुमान गरिएको थियो।

# निजीक्षेत्रको आत्मविश्वास जगेर्ना गर्ने प्रतिबद्धता

**नागरिक संवाददाता**

*काठमाडौं, कात्तिक २२*

जेनजी आन्दोलनपछि निजी क्षेत्रकोमनोबलखस्किरहेकोअवस्थामा सरकारी अधिकारीले निजीक्षेत्रको आत्मविश्वास जगेर्ना गर्ने प्रतिवद्धता जनाएका छन्।




नेपाल उद्योग वाणिज्य महासंघले शनिबार आयोजना गरेको 'राष्ट्रिय आर्थिक बहस २.०' कार्यक्रममा प्रधानमन्त्रीदेखि अर्थमन्त्रीसम्मले यस्तो बताएका हुन्। कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीले जेनजी आन्दोलनको पृष्ठभूमिमा राज्यविहीनताको फाइदा उठाउँदै केही उच्छृङ्खल समूहले उद्योग तथा व्यापारिक क्षेत्रमा गरेको क्षति सरकारलाई अस्वीकार्य भएको बताएकी छन्।

उक्त क्षतिबाट मर्माहत भएको निजीक्षेत्रलाई तत्काल राहत दिँदै आत्मविश्वासको जगेर्ना गर्न सरकारले कुनै कसर बाँकी नराख्ने आश्वासन दिइन्।

कानुनको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै प्रधानमन्त्री कार्कीले निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागिपरेको बताइन्। उनले भनिन्, 'घुसखोरी, पार्टीगत लेवी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनुहुँदैन।'

सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको जनाउँदै प्रधानमन्त्री कार्कीले राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट, निजी क्षेत्रमाथि लादिएका शंका र दोहनकारी संकटपूर्ण प्रणालीप्रति सरकार सजग रहेको बताइन्।

'व्यवसायीका पिर, मर्का हाम्रै पिर, मर्का हुन्, उद्योगी व्यवसायीहरू केवल राज्यलाई कर मात्र तिरेका हुँदैनन्, उनीहरूले रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितताबाट राज्यको ठूलो दायित्व पनि बहन गरिदिएका हुन्छन्', प्रधानमन्त्री कार्कीले भनिन्, 'तसर्थ उद्योग व्यवसायबिना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको माग सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौं।'

नेपाल राष्ट्र बैंकमार्फत बैंक तथा वित्तीय क्षेत्रको स्थिरताका लागि कडा कदम चालिएको जानकारी दिँदै प्रधानमन्त्रीले व्यवसाय गर्ने वातावरण सुधार गर्न नीतिगत जटिलता हटाइँदै लगिएको बताइन्।

प्रधानमन्त्री कार्कीले सिंगो मुलुक आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीमा जुटेको बताउँदै निर्वाचनमार्फत दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गरिन्। 'यहीं गरी खान सकिन्छ भन्ने आशा जगाउँदै त्यसका लागि उपयुक्त वातावरण बनाउन प्रयासरत छौं', उनले भनिन्।

अर्थमन्त्री डा. रामेश्वर खनालले जेनजी आन्दोलनको प्रभावबाट निजीक्षेत्रलाई पूर्ववत् अवस्थामा ल्याउन वर्तमान सरकारले पहिलो दिनदेखि नै काम थालनी गरेको स्पष्ट पारे। 'सरकारले पटकपटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ', उनले भनिन् 'निजी क्षेत्र मैत्री व्यवहार गर्न सरकार लागिपरेको छ।'

कर प्रशासनका सेवालाई विकेन्द्रित गर्दै लगिएको जानकारी दिँदै उनले व्यवसायी जगत्‌लाई भरोसा जगाउन सरकार प्रतिबद्ध रहेको बताइन्। 'व्यवसायीलाई दुःख नदिइकन सेवा दिन सरकार तत्पर छ', उनले।

गृहमन्त्री ओमप्रकाश अर्यालले आमनागरिकको अभिभावकका रूपमा काम गरिरहेको वर्तमान सरकारले निजी क्षेत्रको सरोकार सम्बोधन गर्ने बताइन्। 'मुलुक अहिले कानुनी राज्यका रूपमा अघि बढिरहेको छ', उनले भनिन्, 'अर्थतन्त्रको आधारशीला बलियो बनाउनुपर्छ, यसका अंगलाई सुरक्षा दिनुपर्छ, यही काम सरकारले गरिरहेको छ।'

अर्थतन्त्रको जगेर्ना गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको बताउँदै गृहमन्त्रीले सरकार र निजीक्षेत्रले मुलुकको समृद्धिमा हातेमालो गर्नुपर्ने बताए। 'जेनजी आन्दोलनमा घुसपैठ भयो, आपराधिक तत्त्वले क्षति गरे तर त्यसलाई राज्यले सम्बोधन गरेको छ', उनले भने, '३८० जना पक्राउ परेका छन्, १५० जनामाथि मुद्दा चलेको छ, सरकारले उद्योगी, व्यवसायीलाई पूर्ण सुरक्षा दिन्छ।'

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले औद्योगिक वातावरण प्रवर्द्धनका लागि बाधक बनेको कानुनी व्यवस्था परिमार्जनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए। उद्योगीलाई सहजीकरण गर्न मन्त्रालय प्रयासरत रहेको जानकारी दिँदै उनले अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकता दिइने स्पष्ट पारे।

मुख्यसचिव एकनारायण अर्यालले स्वदेशमा रोजगारी सिर्जना गरेर काम खोजीमा वैदेशिक रोजगारीमा विदेसिनुपर्ने बाध्यता अन्य गर्नुपर्नेमा जोड दिए।

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले उच्च मनोबलका साथ निर्धक्क भएर व्यावसायिक क्रियाकलाप अघि बढाउन निजी क्षेत्रलाई आग्रह गरे। 'उच्च मनोबलका साथ काम गर्नुस्। एउटा दुर्घटनाजस्तो भयो। त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईंहरूले सकारात्मक रुपमा लिएर यसलाई सदुपयोग गर्नुहोला', उनले भने।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा भएको आर्थिक बहसमा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आन्दोलनमा निजी क्षेत्रलाई बढी क्षति पुगेको बताए। नाफा कमाउनुलाई गलत चित्रण गर्दा निजी क्षेत्रले मात्र ८८ अर्ब रुपैयाँको नोक्सानी ब्यहोरेको बताए। शान्ति र स्थायित्वका लागि निजी क्षेत्र समयमै निर्वाचन होस् भन्ने अपेक्षा गरेको उनले बताए।

# खाद्यद्वारा साढे १९ हजार क्विन्टल धान खरिद

काठमाडौं, कात्तिक २२ (नागरिक)- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हालसम्म १९७३४.५ क्विन्टल धान खरिद गरेको छ। कम्पनीले कात्तिक १२ देखि २१ गते शुक्रवारसम्म तीनवटा खरिद केन्द्रबाट सो परिमाणको धान खरिद गरेको हो। कम्पनीले सुदूरपश्चिमको धनगढीबाट धान खरिद प्रक्रिया सुरु गरेको थियो। कैलाली जिल्लामा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले गौरीगंगा, टीकापुर, सती, भजनी, जोसीपुर र धनगढीको मोहनपुरमा गरी ६ स्थानमा काँटा राखेको छ।



कम्पनीका खरिद विभाग प्रमुख अनन्तराज पौडेलका अनुसार धनगढीमा १५७३४.५ क्विन्टल धान खरिद भएकोमा महेन्द्रनगरमा १५ सय क्विन्टल र राजापुरमा २५ सय क्विन्टल धान खरिद भएको छ। अब विस्तारै अरू ठाउँबाट पनि खरिद प्रक्रिया सुरु हुने उनले बताए।

कम्पनीले यस वर्ष १३ वटा खरिद केन्द्र निर्धारण गरेर धान खरिद प्रक्रिया सुरु गरेको थियो। कम्पनीले खरिद केन्द्र निक्यौंल गरेसँगै कोटासमेत निर्धारण गरेको छ।

कम्पनीले यस वर्ष सबैभन्दा बढी कोटा धनगढीमा निर्धारण गरेको थियो। जसमा धनगढीलाई ३५ हजार क्विन्टल कोटा रहेकामा महेन्द्रनगरलाई पाँच हजार क्विन्टल, राजापुरलाई मोटा धान २५ हजार क्विन्टल र मध्यम धान पाँच हजार क्विन्टल कोटा निर्धारण गरेको थियो।

यसैगरी बिर्तामोडलाई धान खरिदका लागि आठ हजार क्विन्टल कोटा निर्धारण गरिएको छ भने क्रमशः विराटनगरलाई १३ हजार क्विन्टल, लाहानलाई सोना मन्सुली धान १२ हजार क्विन्टल र बासमती धान दुई हजार क्विन्टल, जनकपुरलाई १३ हजार क्विन्टल, वीरगन्जलाई १० हजार क्विन्टल र भैरहवालाई पाँच हजार क्विन्टल कोटा निर्धारण गरेको छ।

यस्तै नेपालगञ्जलाई मध्यम धान पाँच हजार क्विन्टल, मोटा धान १५ हजार क्विन्टल, तुलसीपुरलाई पाँच हजार क्विन्टल, जुम्लालाई पाँच सय क्विन्टल, पोखरालाई पाँच सय क्विन्टल तोकिएको छ। खरिद विभाग काठमाडौंले २१ हजार क्विन्टल कोटा रिजर्भ (सञ्चय) गरेर राखेको कम्पनीले जनाएको छ। कम्पनीले यस वर्ष एक लाख ८० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको छ।

'आइतबारदेखि नेपालगञ्ज र तुलसीपुरबाट पनि धान खरिद सुरु हुन्छ', कम्पनीका खरिद विभाग प्रमुख पौडेलले भने, 'अरू ठाउँमा खरिद समितिको बैठक बसिरहेकाले अबको दुई/चार दिनमा सुरु हुन्छ कि ? पूर्वमा त धान काटेकै छैनन्।' उनले भने पहिला त धान काट्नु पर्‍यो त्यस पछाडि मात्र खरिद सुरु हुन्छ।

सरकारले यस वर्ष मध्यम धानको न्यूनतम समर्थन मूल्य ३६२८.३३ रुपैयाँ प्रतिक्विन्टल तोकेको छ भने मोटा धानको मूल्य प्रतिक्विन्टल ३४६३.८१ रुपैयाँ तोकेको छ।

## चितवनमा धान उत्पादन २१ हजार मेट्रिकटनले बढ्यो



काठमाडौं, कात्तिक २२ (रासस)- चितवन जिल्लामा यस वर्ष धान उत्पादन वृद्धि भएको छ। गत वर्षको तुलनामा यस वर्ष २१ हजार ४८० 'मेट्रिकटन' धान बढी उत्पादन भएको हो।

कृषि विकास कार्यालय चितवनका अधिकृत निर्मल पौडेलका अनुसार यस वर्ष २७ हजार ३२४.९ 'हेक्टर' क्षेत्रफलमा धान लगाइएको थियो। यस वर्ष धान उत्पादकत्व ४.९६७ मेट्रिकटन प्रतिहेक्टर रहेको उनले बताए।

एक लाख ३५ हजार ७२५.०६ मेट्रिकटन धान उत्पादन भएको छ। बेमौसमी वर्षाले ३० हेक्टर क्षेत्रफलमा लगाइएको धानमा क्षति भएको थियो। जसबाट १४९.०१ मेट्रिकटन धानमा क्षति भएको उनले बताए।

गत वर्ष जिल्लामा एक लाख १४ हजार २४४.२ मेट्रिकटन धान उत्पादन भएको थियो। जिल्लामा हर्दिनाथ ६, गोरखनाथ, मुकाबाला, सावित्री, रामधान, गंगोत्री जस्ता धानहरू लगाइएको थियो। समयमा पानी र रोग किराको प्रकोप कम हुँदा यस वर्ष धान उत्पादन बढेको उनले बताए।

## संस्थापक शेयर विक्री सम्बन्धि सूचना

यस मितेरी डेभलपमेन्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक शेयरधनीले आफ्नो नाममा भएको संस्थापक शेयरहरु बिक्रि गर्ने ईच्छा जाहेर गरी निबेदन दिनु भएको र उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्रि गर्न प्रकृया अघि बढाउने निर्णय भएकोले उक्त संस्थापक शेयर खरिद गरि लिन इच्छुक भए हाल कायम यस बैंकका संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने नेपाल राष्ट्र बैंकको विद्यामान व्यवस्था रहेकाले संस्थापक शेयरधनीहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई बैंकको संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी के कति कित्ता लिने हो सो व्यहोरा खुलाई बैंकको केन्द्रिय कार्यालय महेन्द्रपथ धरान-१२ सुनसरी वा शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड कमलादि काठमाण्डौंमा आइपुग्नेगरी आवेदन गर्नु हुन सूचीत गराईएको छ। म्यादभित्र विद्यमान संस्थापकहरुबाट आवेदन नपरेमा संस्थापक भन्दा वाहिर शेयर विक्रिको प्रकृया अगाडी बढ्न सक्ने व्यहोरा समेत अनुरोध गरिन्छ।

| शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या |
|---|---|
| नबीन राजभण्डारी | १००।०० (एक सय कित्ता मात्र) |

शेयर रजिष्ट्रार

MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत-पत्र प्राप्त संस्था)
महेन्द्रपथ, धरान-१२, सुनसरी, नेपाल
फोन.नं.: ०२५-५३६३१७, ०२५-५३८३१७

prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(साविकको ग्रोमोर मर्चेण्ट बैंकर लिमिटेड)

## वर्गीकृत विज्ञापन/डिस्प्ले

### घरजग्गा बिक्रीमा

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गा: ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा: ९७६७६५५२९५, ९८०३२३१८७६

### वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

श्याम/श्वेत प्रति बक्स
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

# ‘नवनिर्मित टर्मिनल भवनबाट १० दिनभित्रै सेवा’

अर्जुन ओली
नेपालगन्ज, कात्तिक २२



नेपालगन्ज विमानस्थलको नवनिर्मित टर्मिनल भवनबाट अबको १० दिनभित्रै सेवा सञ्चालन हुने भएको छ । नागरिक उड्डयन प्राधिकरणका अनुसार सुरुमा परीक्षणकालीन सेवा सञ्चालन गरिने र त्यसको करिब डेढ महिनापछि पूर्ण रूपमा नियमित सेवा सुरु गरिने तयारी भइरहेको छ।

साढे दुई अर्ब रुपैयाँ लागतमा बनेको उक्त टर्मिनल भवन सम्झौतामा उल्लिखित म्यादभन्दा डेढमहिना अगावै सम्पन्न भएको हो । स्वदेशी ठेकेदार, परामर्शदाता र इन्जिनियरको सहकार्यमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार भवन निर्माण गरिएको प्राधिकरणले जनाएको छ।

सन् २०२२ डिसेम्बर १६ मा ‘शर्मा एन्ड कम्पनी’ सँग सम्झौता गरी सुरु गरिएको काम सन् २०२५ डिसेम्बर १५ सम्म पूरा गर्ने लक्ष्य थियो । कुल ५५ हजार वर्गफुट क्षेत्रफलमा बनेको भवनमा प्रतिघण्टा ६९८ जना यात्रु बस्न सक्ने क्षमता रहेको छ।

अन्डरग्राउन्डसहित तीनतल्ले भवनमा यात्रु कक्ष, प्रशासनिक कक्ष, विमान कम्पनी कार्यालय, भन्सार, अध्यागमन, क्वारेन्टाइन, व्यापारिक सटर, रेस्टुरेन्ट, शौचालयलगायतका सुविधा छन् । बाहिरी भागमा सवारी र विमान पार्किङ, ढल व्यवस्थापन, बगैंचा, फुटपाथ र गेष्ट हाउस पनि तयार पारिएको छ।

**भारतका सहरमा पनि उडानको तयारी**

नवनिर्मित टर्मिनल भवन निरीक्षणका लागि शुक्रबार नेपालगन्ज पुगेका नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सम्झौताअवधि पूरा हुनुभन्दा पहिले नै काम सम्पन्न भएको जनाउँदै सो भवनबाट आन्तरिकका साथै भारतका सहरहरूमा पनि उडान गर्न सकिने जानकारी दिए।

‘नेपालगन्जबाट दिल्लीलगायत भारतका सहरहरूमा उडानको माग बढ्दो छ,’ उनले भने, ‘यस भवनमा अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक सबै पूर्वाधार तयार छन् । अहिले आन्तरिक उडानका लागि प्रयोग भए पनि अनुमति प्राप्त भएपछि अन्तर ाष्ट्रिय उडान गर्न सकिन्छ।’

उनका अनुसार तत्कालका लागि एटिआर-७२ वा सोसरहका विमानमार्फत अन्तर्राष्ट्रिय उडान सम्भव छ । नेपालगन्जको नयाँ टर्मिनल भवनमा पोखरा र भैरहवाका भवनभन्दा बढी सुविधा प्रदान गरिएको उनले बताए।

**स्वदेशी हातले बनेको आधुनिक टर्मिनल**

आयोजनाका प्रमुख नलविक्रम थापाका अनुसार भवन डिजाइनदेखि परामर्श र निर्माणसम्म पूर्ण रूपमा स्वदेशी प्राविधिकको सहभागिता रहेको छ।

‘बोर्डिङ पास गरेर बसेपछि यात्रुले भित्रै मनपर्ने खानेकुरा खान पाउने, सपिङ कम्प्लेक्सजस्तै किनमेल गर्न सक्ने, र छुट्टै ठाउँमा बसेर ल्यापटपमा काम गर्न सक्ने सुविधा दिएका छौं’, उनले भने।

ठेकेदार कम्पनीका प्रमुख रमेश शर्माले सम्झौता अवधिभन्दा अघि काम सम्पन्न गर्नुका साथै गुणस्तरमा कुनै सम्झौता नगरेको दाबी गरे । ‘हामीले नेपाली ठेकेदारप्रतिको विश्वास कायम राख्नेगरी काम गरेका छौं,’ उनले भने, ‘यसअघि बाँकेमा नेपालगन्ज-गुलरिया सडक खण्ड पनि म्यादअघि नै सम्पन्न गरेर सफलताको उदाहरण देखाएका थियौं।’

# नाङ्लो बुनेर जीविकोपार्जन



सुनसरी, कात्तिक २२ (नागरिक)- इटहरी उपमहानगरपालिका-३ सुनौलो बस्तीका वसन्त राई बाँसको चोयाबाट नाङ्लो बुनेर आत्मनिर्भर बनेका छन् । पुर्ख्यौली सिपलाई नै व्यावसायिक रूपमा अँगाल्दै आएका उनले करिब दुई दशकदेखि नाङ्लो बनाएर बिक्रीमार्फत जीविकोपार्जन गरिरहेको जानकारी दिए।

उनका अनुसार घरको दैनिक खर्च, छोराछोरीको पढाइ र घरव्यवहारका सबै आवश्यकता यही पेसाबाट पूरा हुने गरेको सुनाउँछन् । यो हाम्रो पुर्ख्यौली पेसा हो । ‘समय दिएर बनाउँदा आम्दानी राम्रै हुन्छ’, उनले भने । राईका अनुसार बर्सेनि करिब सात लाखदेखि आठ लाख रुपैयाँ बराबरको नाङ्लो बिक्री हुने गरेको सुनाए।

उनी नाङ्लो बनाउनका लागि आवश्यक बाँस ताल तलैया र खोर्सानेघाट क्षेत्रबाट ल्याउने गर्छन् । एउटा बाँसलाई २०० देखि ३०० रुपैयाँसम्म पर्ने गरेको उनले बताए । एउटा बाँसबाट १० देखि १२ वटा नाङ्लो बनाउन सकिने उनको भनाइ छ । उनले एक हप्तामा करिब १५० भन्दा बढी नाङ्लो बनाउने गरेको जानकारी दिए । एक हप्तामा बनाएको नाङ्लो धेरै जसो व्यापारीहरू हप्तैपिच्छे घरमै आएर लैजान्छन्।

नाङ्लो इटहरी, धरान, भोजपुर, विराटनगर, पथरीलगायत क्षेत्रमा बिक्री हुने गरेको छ । एउटा नाङ्लो १३० देखि २५० रुपैयाँसम्ममा बिक्री हुने गरेको उनले बताए । नाङ्लो बनाउन सकियो भने बजारको अभाव हुँदैन।

पहिले हामी भोजपुरबाट ल्याएर बेच्थ्यौं, अहिले यहाँ बनाएको नाङ्लो नै भोजपुरका व्यापारीले आएर लैजान्छन् । दसैं, तिहार, छठलगायत प्रमुख चाडपर्व तथा पुजाआजामा नाङ्लोको प्रयोग बढी हुने हुँदा भदौ, असोज र कात्तिक महिनामा यसको बिक्री सामान्य दिनभन्दा बढी हुने गरेको उनको अनुभव छ।

सुनौलो बस्तीमा राईसहित करिब १५ घरधुरीले व्यावसायिक रूपमा नाङ्लो बुनेर जीविका गरिरहेका छन् । यसले परिवारलाई घरमै बसेर काम गर्ने अवसर प्रदान गर्नुका साथै परम्परागत पेसा जोगाउनसमेत सहयोग पुगेको जानकारी उनले दिए।

बाहिर अर्काकोमा मजदुरी गरेर कमाइभन्दा घरमै बसेर पुर्ख्यौली सिप जोगाउँदै कमाउनु फाइदाजनक छ । मेहनत भए पनि आम्दानी स्थिर हुने भएकाले पेसाप्रति सन्तुष्टि रहेको उनको भनाइ छ । उनले भने, ‘नाङ्लो बुनेरै सानो घर निर्माण गरेको छु, छोराछोरीको पढाइसमेत यसै आम्दानीले पुगेको छ।’

ग्राहकको मागअनुसार विभिन्न साइज र प्रकारका नाङ्लो उत्पादन गर्न सकिने जानकारी राईले दिए । बजारमा नाङ्लोको वृद्धि भए पनि मूल्य वृद्धि हुन नसकेका कारण मूल्य बढाउन आवश्यक रहेको उनको सुझाव छ । यो पेसालाई थप व्यावसायिक बनाउन स्थानीय सरकारले सहयोग र ध्यान दिनु आवश्यक रहेको उनी बताउँछन्।

# म्याग्दीमा सडक पूर्वाधारका ३२ योजना सुरु

म्याग्दी, कात्तिक २२ (रासस)- गण्डकी प्रदेश सरकारले म्याग्दीमा चालु आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधार सम्बन्धी ३२ योजना सञ्चालन गर्ने भएको छ।

पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत कार्यान्वयन हुने सडक स्तरोन्नति, मोटरेबल र झोलुंगे पुल निर्माण सम्बन्धी योजनाका लागि प्रदेश सरकारले ६२ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छ।

क्रमागत १७ योजनाका लागि ५२ करोड रुपैयाँ र नयाँ १५ वटा योजनाका लागि १० करोड रुपैयाँ बजेट प्राप्त भएको जानकारी पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलले दिए।

यसअघिका वर्षमा ठेक्का सम्झौता भएका क्रमागत योजनाका निर्माण व्यवसायीहरू बर्खा र चाडपर्व सकिएपछि काममा फर्कन थालेका तथा नयाँ सालबसाली योजना कार्यान्वयनका लागि ठेक्का आह्वानका लागि सर्वेक्षण र लागत अनुमानको काम भइरहेको उनले बताए।

धौलागिरि, मालिका र मंगला गाउँपालिका समेटिएको प्रदेशसभाको निर्वाचन क्षेत्र १ (ख) का १८ योजनाका लागि ४७ करोड रुपैयाँ र बेनी नगरपालिका, रघुगंगा र अन्नपूर्ण गाउँपालिका समेटिएको प्रदेशसभाको निर्वाचन क्षेत्र १ (क) का १४ योजनाका लागि १४ करोड ६२ लाख रुपैयाँ बजेट प्राप्त भएको छ।

संघीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष २३ करोड २२ लाख रुपैयाँ बजेट विनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटन सडक प्रदेश सरकार मार्फत म्याग्दीमा सञ्चालित सबैभन्दा ठूलो योजना हो।

बिम-मराङ-मल्कवाङ-पाखापानी, जैसीखोर-खहरेखोला-रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति र फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि एक/एक करोड रुपैयाँ बजेट विनियोजन भएको छ।

म्याग्दी १ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले धौलागिरि गाउँपालिका-१ को गुर्जालाई सडक सञ्जालले जोड्ने लक्ष्यसहित प्रदेशबाट ५० लाख रुपैयाँ विनियोजन भएको जानकारी दिए । संघीय, प्रदेश सरकार, गाउँपालिका र समुदायको साझेदारीमा विकट गुर्जालाई यो वर्ष सडक सञ्जालमा जोडिने उनले बताए।

मंगला गाउँपालिका-१ को तुसारेपानी-कुहुँ, गैराखेत-मालिका मन्दिर र दरवाङ-लामेला-अल्काचौर, दूधखोला-तोलावाङ र सराग्दी सडकका लागि ५०/५० लाख रुपैयाँ र मालिका गाउँपालिकाको खतेन-ओखरबोट झोलुंगे पुललाई ३० लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

घारखोला-नेपाने र तिप्ल्याङ-बादुक बाख्रेनी डिलदेखि धुपीचौर सडक रघुगंगा-२ र बगैंचा रानीपौवा रिसिन चौतारी हुँदै बेगखोला जोड्ने सडक र रघुगंगा -१ को टोल नम्बर २ को ढल निकास योजनाका लागि ५०/५० लाख रुपैयाँ बजेट बिनियोजन भएको म्याग्दी १ (क) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताए।

ग्रामीण सडकहरूलाई ग्राभेल, ढलान र कालोपत्र गरेर स्तरोन्नति गर्न योजनाहरू सञ्चालन भएको उनले बताए । सडक स्तरोन्नति भएपछि ग्रामीण क्षेत्रमा यातायातको सहज पहुँच बढ्ने र बसाइसराइ घट्ने अपेक्षा गरिएको छ।

# काठमाडौंमा के-फुड कार्यक्रम




काठमाडौं, कात्तिक २२ (नागरिक)- नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले शनिबार राजदूत निवास काठमाडौंमा के-फुड कार्यक्रम आयोजना गरेको छ । दूतावासले कोरियामा कामको अनुभव लिएका र कोरिया सरकारको छात्रवृत्तिमा अध्ययन गरी नेपाल फर्किएका विद्यार्थीहरूलाई कोरियाली खानामार्फत कोरियाका सम्झना साट्ने अवसर उपलब्ध गराएको थियो।

नेपालस्थित गणतन्त्र कोरियाली राजदूत थेयङ पार्कले बधाई मन्तव्यका क्रममा कोरियामा अनुभव लिई फर्किएका कामदार तथा पूर्व विद्यार्थीहरूका लागि कोरियाली खाना र कोरियाको अविस्मरणीय क्षणहरू परिवार र साथीहरूसँग साझा गर्ने अर्थपूर्ण अवसरको रूपमा कार्यक्रम आयोजना गरिएको बताए।

राजदूत पार्कले सहभागीहरूप्रति कृतज्ञता व्यक्त गर्दै के-पप, के-ड्रामा र के-फुड मार्फत नेपालमा कोरियाली संस्कृतिको बढ्दो प्रभावको प्रशंसा गरेका थिए । उनले कोरिया र नेपालबीचको सांस्कृतिक सम्बन्धलाई सुदृढ पार्ने कुरामा जोड दिँदै कोरियामा आफ्नो बहुमूल्य समय बिताएर हाल नेपालमा रहेका साथीभाइ र परिवारसँग कोरियाली खानाको स्वाद दिलाउने अवसर प्रदान गर्ने उद्देश्य लिएर कार्यक्रम आयोजना गरिएको धारणा राखेका थिए।

शनिबारको यो कार्यक्रम यही अगष्टमा काठमाडौंमा आयोजना गरिएको के-फुड उद्यमशीलता तालिमको एक हिस्साको रूपमा कोरियाली सरकारले जारी गरिरहेको कोरियाबाट फर्किएका कामदारको पुनर्एकीकरण कार्यक्रम रहेको बताए । कोरियाली सरकारले नेपाली युवाहरूको लागि दिगो स्टार्टअप इकोसिस्टमको लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । साथै नेपालमा रोजगारी सिर्जना गर्ने र नेपालको अर्थतन्त्रलाई सुदृढ पार्ने लक्ष्यसमेत राखेको बताएको छ।

## लक्ष्मी सनराइज क्यापिटलको साधारणसभा




काठमाडौं, कात्तिक २२ (नागरिक)- लक्ष्मी सनराइज क्यापिटल लिमिटेडको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । क्यापिटलले शुक्रबार वार्षिक साधारणसभा सम्पन्न गरेको हो।

वार्षिक साधारणसभामा प्रस्तुत भएका सामान्य प्रस्तावहरूमा आव २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन, कम्पनीको लेखापरीक्षण प्रतिवेदनलगायतका प्रस्ताव पारित गरेको छ।

यसैगरी कम्पनीले आव २०८२/८३ को लेखापरीक्षण कार्य सम्पन्न गर्न लेखापरीक्षकमा हाल कायम रहेका लेखा परीक्षक एनबिएसएम एन्ड एसोसिएट्सलाई नै निरन्तरता दिने निर्णय गरेको जनाएको छ।

साथै आसार मसान्त २०८२ को वासलात बमोजिम प्रतिसेयर आम्दानी १८.२० रहेकोमा वितरण योग्य आम्दानी १७.८३ प्रतिशत मध्येबाट आफ्ना सेयरधनीलाई चुक्ता पुँजीको १५.७९ प्रतिशत अर्थात् ७.७२ करोड रुपैयाँ (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ।

नेपालको पुँजी बजारको इतिहासमा प्रथम पटक सेयर निष्कासन सम्बन्धी मर्चेन्ट बैंकिङ तथा सामूहिक लगानी कोष सम्बन्धी कार्य सुरु गरी तीन दशक अघिदेखि नेपालको धितोपत्र बजारको विकासमा यस कम्पनीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## ‘युनाइटेड बाई क्रिकेट कनेक्टेड बाई एनसेल’




काठमाडौं, कात्तिक २२ (नागरिक)- एनसेलले नेपाल प्रिमियर लिग (एनपिएल) २०२५ अर्थात् एनपिएल दोस्रो संस्करणमा नेपाल क्रिकेट संघ (क्यान) सँगको आफ्नो ‘पावर्ड बाई’ को साझेदारीलाई निरन्तरता दिने घोषणा गरेको छ।

नेपाली क्रिकेटसँगको यो आवद्धताले स्थानीय क्रिकेटको विकासमा योगदान पुर्‍याउनुका साथै खेल र प्यानलहरूलाई थप ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ।

क्रिकेट खेलले सबैलाई जोड्ने भएकाले यो भव्य महाउत्सवमा ‘युनाइटेड बाई क्रिकेट, कनेक्टेड बाई एनसेल’ भन्ने थिमका साथ एनसेलले सहकार्य गरेको छ।

यही मंसिर १ गतेबाट कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दोस्रो संस्करण सुरु हुँदैछ।

व्यावसायिक फ्रेन्चाइजमा आधारित टि-ट्वेन्टी प्रतियोगिता एनपिएलमा गत वर्ष पनि एनसेल ‘पावर्ड बाई’ साझेदार रहेको थियो।

## चितवनमा प्रोटोन इमासको सोरुम



चितवन, कात्तिक २२ (नागरिक)- जगदम्बा मोटर्स प्रालिको इलेक्ट्रिक सवारी साधन ब्रान्ड प्रोटोन इमासले चितवनमा आफ्नो नयाँ ३ एस सोरुम (सेल्स, सर्भिस र स्पेयर पार्ट्स) उद्घाटन गरेको छ । नेपालभर स्वच्छ र आधुनिक यातायात समाधान विस्तार गर्ने ब्रान्डको प्रतिबद्धतालाई थप मजबुत बनाएको प्रालिले जनाएको छ।

नयाँ सोरुमले एकै स्थानमा बिक्री, सेवा र वास्तविक स्पेयर पार्ट्ससहितको पूर्ण इलेक्ट्रिक वाहन स्वामित्वसहितको अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ । यसले प्रोटोन इमासका नेपालका ग्राहकलाई सहज, भरपर्दो र सन्तोषजनक विद्युतीय यातायात उपलब्ध गराउने प्रतिबद्धतालाई झल्काएको छ।

जगदम्बा मोटर्सका वरिष्ठ उपाध्यक्ष राजु भेटवालले भने, ‘नारायणघाट सोरुम हाम्रो प्रयासको परिणाम हो, जसले आधुनिक ईभी प्रविधि र विश्वसनीय सेवालाई ग्राहकको नजिक ल्याउँछ । चितवनको तीव्र विकसित सहरी परिवेश र वातावरणप्रति सचेत ग्राहकले यो स्थानलाई विद्युतीय यातायातको केन्द्र बनाउने विश्वास हामीले लिएका छौं।’

## मुगु र खजुरामा सूर्यज्योति लाइफ इन्स्योरेन्सको शाखा विस्तार




काठमाडौं, कात्तिक २२ (नागरिक)- सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले आफ्ना ग्राहकको आवश्यकता र सुविधालाई मध्यनजर गर्दै दुईवटा शाखा विस्तार गरेको छ । कम्पनीले आम जनता माझ बिमाको सहज पहुँच पुगोस् भनेर हाल बाँकेको खजुरा र हिमाली क्षेत्र मुगुको गमगढीमा आफ्नो शाखा विस्तार गरेको हो।

कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत फर्सुराम मरासिनीले दुई शाखाको विधिवत समुद्घाटन गरेका थिए।

हाल सूर्यज्योतिले देशभरिका एक सय ७५ शाखा कार्यालयमार्फत आफ्ना बिमितलाई सेवा प्रदान गरिरहेको जनाएको छ।

## सामसङले ल्यायो ग्यालेक्सी ट्याब एस इलेभेन

काठमाडौं, कात्तिक २२ (नागरिक)- सामसङ नेपालले प्रगतिशील र शानदार ट्याब्लेट अनुभव प्रदान गर्ने ग्यालेक्सी ट्याब एस इलेभेन नेपाली बजारमा सार्वजनिक गरेको छ।

ग्यालेक्सी एआई र वन युआई एटद्वारा सञ्चालित, ट्याब एस इलेभेनले शक्तिशाली प्रदर्शन र आकर्षक तथा अत्यन्त पातलो डिजाइन संयोजन गर्दै सहज क्रिएटिभिटी र प्रोडक्टिभिटीको अनुभव सामसङले जनाएको छ।

यो ट्याबको मूल्य एक लाख २९ हजार नौ सय ९९ रुपैयाँमा (१२ जिबी २५६ जिबी) मा उपलब्ध रहेको छ।

सहज क्रिएटिभिटी र प्रोडक्टिभिटीका लागि डिजाइन गरिएको ट्याब एस इलेभेनमा वन युआई एटभित्र नै बहुआयामिक ग्यालेक्सी एआई क्षमता निर्मित गरिएको छ, जसले लेख्ने, कोर्ने, मल्टिटास्क र विचार आदान-प्रदान गर्ने कार्यहरूलाई अझ सहज र प्राकृतिक बनाउँछ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय खिचापोखरी, काठमाण्डौका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०७/२३ गते आइतबारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०९/०६ गते आइतबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दिनको ठीक ३ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७८/०४/१३ मा दर्ता.नं. २६५९७०/०७८/०७९ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यालय, नयाँसडकबाट मिति २०७८/०४/१३ (मु.अ.कर.दर्ता मिति २०७८/०४/१३) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००३६४६८ को प्रमाणपत्र प्राप्त **डि.एस.के. क्लोथिङ्ग विजनेश प्रा.लि. । रजिष्टर्ड ठेगाना :** काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. २२, नयाँसडक ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : कृष्ण कुमारी खनाल कार्की**<br>(ना.प्र.नं. ३/१८०६९ जारी मिति २०६३/०५/२१, प्रतिलिपि जारी मिति २०७६/०५/१८, जि.प्र.का. रुपन्देही) ।<br>ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा वडा नं. ११ ।<br>बाबु : लाल बहादुर खनाल ।<br>पति : शुशिल कार्की । ससुरा : तिल बहादुर कार्की । | **सञ्चालक तथा जमानतकर्ता : प्रदिप खनाल**<br>(ना.प्र.नं. ३/१०६८५, जारी मिति २०५७/०५/०४, जि.प्र.का. रुपन्देही) ।<br>ठेगाना : रुपन्देही जिल्ला, सियारी गा.पा. वडा नं. ६ ।<br>बाबु : लाल बहादुर खनाल ।<br>बाजे : दिल बहादुर खनाल । |
| **जमानतकर्ता : शुशिल कार्की**<br>(ना.प्र.नं. १५९८०, जारी मिति २०६०/०९/१५, प्रतिलिपि जारि मिति. २०७३/१०/११, जि.प्र.का. रुपन्देही) ।<br>ठेगाना : रुपन्देही जिल्ला, सियारी गा.पा. वडा नं. ६ (साविक मक्रहर गा.वि.स. वडा नं. ८) ।<br>बाबु : तिल बहादुर कार्की । बाजे : नैना बहादुर कार्की । | **जमानतकर्ता : निर्मला फौदार क्षेत्री खनाल**<br>(ना.प्र.नं. ३७३०२८/५२२ जारी मिति २०६३/१०/२९, प्रतिलिपि जारि मिति २०७६/०६/२९, जि.प्र.का. रुपन्देही) ।<br>ठेगाना : रुपन्देही जिल्ला, सियारी गा.पा. वडा नं. ६ ।<br>बाबु : बल बहादुर फौदार ।<br>पति : प्रदिप खनाल । ससुरा : लाल बहादुर खनाल । |

**जमानतकर्ता : निर्मला फौदार क्षेत्री खनाल** (ना.प्र.नं. ३७३०२८/५२२ जारी मिति २०६३/१०/२९ प्रतिलिपि जारि मिति २०७६/०६/२९, जि.प्र.का. रुपन्देही )
ठेगाना : काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं.१६
बाबु : बल बहादुर फौदार । पति : प्रदिप खनाल । ससुरा : लाल बहादुर खनाल । सासु : लीला देवी खनाल

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **प्रदिप खनाल**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला आ.अमवा गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १ख, स्थित कित्ता नं. ४३९ को क्षेत्रफल ०-१०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१

२. ऋणी **डि.एस.के. क्लोथिङ्ग विजनेश प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ......................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# शिभाली र प्रदीप च्याम्पियन

काठमाडौं, कात्तिक २२ (नागरिक)- नेपाल नम्बर एक खेलाडी प्रदीप खड्का र शिभाली गुरुङले होटल मिस्टिक माउन्टेन ग्रान्ड ओपन टेनिस प्रतियोगिताको सिंगल्स उपाधि शनिबार जितेका छन् ।

**महिला फाइनलमा शिभालीले स्वस्तिका विष्टसँग यसअघि बेहोरेको हारको बदला लिइन् । उनले स्वस्तिका विष्टलाई ६-० र ६-२ ले हराइन् । शिभाली यु-१६ सिंगल्सको फाइनलमा स्वस्तिकासँग पराजित भएकी थिइन् । सिनियरमा शिभाली समग्र दोस्रोपटक च्याम्पियन बनेकी हुन् ।**




सातदोबाटोस्थित टेनिस कोर्टमा शनिबार प्रदीप पुरुषमा र शिभाली महिलामा च्याम्पियन भएका हुन् । दुवै यस विधामा पहिलोपल्ट च्याम्पियन भएका हुन् । नेपाल टेनिस संघको सहयोगमा होटल मिस्टिक माउन्टेनद्वारा आयोजित प्रतियोगिताको गत वर्ष पहिलो संस्करणमा पुरुष/महिला सिंगल्स स्पर्धा थिएन । प्रदीपले पुरुष सिंगल्सको फाइनलमा प्रणव मानन्धरलाई ६-३, २-६ र ६-२ ले हराए । यससँगै प्रदीपले सिंगल्समा करियरको १७औं उपाधि चुमे । डबल्समा उनले ९ उपाधि हात पारेका छन् । राजवीर प्रधान र निसान श्रेष्ठ तेस्रो भए । महिला फाइनलमा शिभालीले स्वस्तिका विष्टसँग यसअघि बेहोरेको हारको बदला लिइन् ।

उनले स्वस्तिका विष्टलाई ६-० र ६-२ ले हराइन् । शिभाली यु-१६ सिंगल्सको फाइनलमा स्वस्तिकासँग पराजित भएकी थिइन् । सिनियरमा शिभाली समग्र दोस्रोपटक च्याम्पियन बनेकी हुन् । प्रकृति श्रेष्ठ र सुनियर थापा तेस्रो बने । पुरुष/महिला सिंगल्समा पहिलो हुनेले ४० हजार, दोस्रोले २० हजार र तेस्रोले समान पाँच हजार नगद पुरस्कार हात पारे । यु-१२ ब्वाइज सिंगल्समा विश्वविशेष डल्लाकोटी पहिलो भए । उनले फाइनलमा वेदान्त चालिसेलाई ७-५ र ६-४ ले हराए । यसै स्पर्धाको गर्ल्समा सारा पन्त पहिलो भएकी थिइन् । साराले दोहोरो स्वर्ण पदक नै जितेकी थिइन् ।

उनी यु-१४ सिंगल्समा पनि पहिलो भएकी हुन् । साराले फाइनलमा एरा खत्रीलाई ६-२ र ६-० को सोझो सेटमा हराइन् । यु-१४ ब्वाइज सिंगल्समा साङ्गे रोकाया सफल भए । उनले फाइनलमा वेदान्तलाई सीधा सेटमा ६-२ र ६-२ ले पन्छ्याउँदै स्वर्ण चुमे । सिंगल्सको यु-८ ब्वाइजमा सर्वज्ञजंग खत्री र गर्ल्समा स्वर्णिमा श्रेष्ठ, यु-९ र यु-१० को ब्वाइजमा कायान चालिसे र गर्ल्समा निम्ति कुँवर तथा यु-१६ ब्वाइज सिंगल्समा दर्शिल श्रेष्ठले पहिलो स्थान हात पारेका थिए । विजेतालाई नेपाल टेनिस संघका अध्यक्ष मनोहरदास मूल र होटल मिस्टिक माउन्टेनका अध्यक्ष बालकृष्ण ध्वजुलगायतले पुरस्कृत गरेका थिए ।

पाँचदिने प्रतियोगिताको पुरुषमा एक सय ३६ र महिलामा ८३ खेलाडी सहभागी थिए । जुनियर टेनिस इनिसिएटिभ (जेटिआई) को संयोजनमा भएको प्रतियोगिताको कुल पुरस्कार राशि दुई लाख ४२ हजार रुपैयाँ रहेको छ । प्रतियोगितामा विभिन्न १४ स्पर्धामा प्रतिस्पर्धा भएको प्रतियोगिता संयोजक सूर्यभूषण वज्राचार्यले जानकारी दिए ।

# भारतमाथि नेपालको यादगार जित



काठमाडौं, कात्तिक २२ (नागरिक)- राशिद खानको अलराउन्डर प्रदर्शनमा नेपालले हङकङ सिक्सेसमा भारतमाथि फराकिलो जित निकालेको छ ।

मिसन रोड मैदानमा शनिबार भएको बाउल लिगको दोस्रो खेलमा नेपालले भारतमाथि ९२ रनको यादगार जित निकालेको हो । राशिदको अर्धशतमा नेपालले एक सय ३८ रनको चुनौतीपूर्ण लक्ष्य दिएको थियो । जबाफमा भारत ३ ओभरमा ४५ रनमै अलआउट भयो र नेपालले फराकिलो जित निकाल्यो । बलिङमा नेपालका लागि राशिदले उत्कृष्ट प्रदर्शन गरे । एक ओभर बलिङ गरेका राशिदले तीन विकेट लिए । बसिर अहमदले २ र रूपेश सिंहले समान १ विकेट लिए । त्यसअघि भारतले टस जितेर फिल्डिङ रोजेको थियो । तर, त्यो निर्णय नेपालका लागि सहज बन्यो । नेपालका लागि तीनै ब्याटरले उत्कृष्ट ब्याटिङ गरे । नेपालले बिना विकेट १ सय ३७ रन जोड्यो । ओपनर राशिदले ५५ बनाए ।

रिटायर्ड हर्ट हुनुअघि राशिदले ६ छक्का र ४ चौका प्रहार गरे । अर्का ओपनर सन्दीप जोराले ४७ र लोकेश बम ३१ मा नटआउट रहे । सन्दीपले १२ बलमा पाँच छक्का र चार चौका तथा लोकेशले सात बलमा चार छक्का र एक चौका प्रहार गरे । यसअघि बाउल लिगको पहिलो खेलमा नेपाल श्रीलंकासँग तीन विकेटले पराजित भएको थियो । भारतको तर्फबाट दिनेश कार्तिक, स्टुअार्ट बिन्नी र रोबिन उथप्पा जस्ता चर्चित पूर्वक्रिकेटर खेलेका थिए ।

बाउल लिगमा चार टोली छन् । शीर्ष दुई टोलीले बाउलको फाइनल खेल्नेछ । नेपालले आइतबार संयुक्त अरब इमिरेट्स (युएई) सँग खेल्नेछ । यो खेल जिते फाइनलमा पुग्न नेपालका लागि पर्याप्त बन्नेछ । शनिबार नै मुख्य प्रतिस्पर्धामा पनि नेपालले दक्षिण अफ्रिकासँग चार विकेटको हार सामना गरेको थियो ।

## विशाल र मारिजे पहिलो

काठमाडौं, कात्तिक २२ (नागरिक)- केभिआर समिट च्यालेन्ज तेस्रो संस्करणको दोस्रो चरणमा पुरुषतर्फ नेपालका विशाल राई र महिलामा नेदरल्यान्ड्सकी मारिजे गुर्वटसन पहिलो भएका छन् ।

ट्रेलमान्डु नेपालको आयोजनामा शनिबार सम्पन्न २१ किलोमिटरको रेसतर्फ पुरुषमा विजेता विशालले दुई घन्टा ३१ मिनेट समय लगाए । नेपालकै वीरेन्द्र पाण्डे र युगल राई दोस्रो र तेस्रो स्थानमा रहे । वीरेन्द्रले दुई घन्टा ४२ मिनेट र युगलले तीन घन्टा ३७ मिनेटमा दौड पूरा गरे । महिलामा मारिजेले तीन घन्टा ३७ मिनेट समयसहित दौड पूरा गरिन् । स्कटल्यान्डकी जर्जिया टिन्डलेले (४ चार घन्टा ७ मिनेट ५० सकेन्ड) दोस्रो र फिनल्यान्डकी सोन्या मुइतारी (चार घन्टा ९ मिनेट ५१ सकेन्ड) तेस्रो स्थानमा रहे । दौड स्युचाटारबाट सुरु भएर गुर्जे भञ्ज्याङ, शिवरी पिक, डाँडागाउँ, गुर्जे भञ्ज्याङ हुँदै सूर्यचौरमा सम्पन्न भएको थियो । ट्रेल रनिङमा नयाँ सहभागीहरूका लागि सात किलोमिटरको फन रन/हाइक पनि राखिएको थियो ।

सो दौडमा पुरुषतर्फ ह्याभियर गोन्जालेज मोटा (एक घन्टा १० मिनेट) पहिलो, लबिन गुरुङ (एक घन्टा ११ मिनेट) दोस्रो र समीर कार्की (एक घन्टा १२ मिनेट) तेस्रो भए । महिलामा अनिमा शेर्पा (एक घन्टा २८ मिनेट) पहिलो, फ्लियोर माउन्टजोय (एक घन्टा ३० मिनेट) दोस्रो र आमानडाइन फेमी (एक घन्टा ३४ मिनेट) ले तेस्रो स्थान प्राप्त गरे । केभिरआर समिट च्यालेन्समा पाँच चरण हुनेछ ।

# किरणको कप्तानीमा नेपाली राष्ट्रिय फुटबल टोली घोषणा

काठमाडौं, कात्तिक २२ (नागरिक)- एएफसी एसियन कप छनोट र एक मैत्रीपूर्ण खेलका लागि गोलकिपर किरण चेम्जोङको कप्तानीमा नेपाली राष्ट्रिय फुटबल टोलीको घोषणा भएको छ ।

मुख्य प्रशिक्षक हरि खड्काले मलेसियासँगको एसियन कप छनोट र बंगलादेशसँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलका लागि २३ सदस्यीय नेपाली टोली घोषणा गरेका हुन् । सेन्ट्रल मिडफिल्डर दीपेश गुरुङले पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन् । अट्याकिङ मिडफिल्डर आदित्य शाक्यले पनि पुनरागमन गरेका छन् । नेपालका लागि सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्तासमेत रहेका हरिले पहिलोपल्ट पुरुष राष्ट्रिय टोलीको जिम्मेवारी समालेका हुन् । उनै हरिले एक जना नयाँ खेलाडीलाई अवसर दिँदा अधिकांश पुरानै अनुहार निरन्तरता दिएका छन् । नेपाली टोलीबाट विमल पाण्डे र अट्याकिङ मिडफिल्डर कृतिशरत्न छुन्जु बाहिरिएका छन् ।

गत सेप्टेम्बरमा घरेलु भूमिमा बंगलादेशविरुद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा आदित्यले राष्ट्रिय टोलीबाट खेलेका थिए । निवर्तमान मुख्य प्रशिक्षक म्याट रसले एसियन कप छनोटअन्तर्गत भियतनामविरुद्धको दुवै लेगमा भने आदित्यलाई नेपाली टोलीमा राखेनन् । म्याट रसले गत कात्तिक १३ गते नै नेपाली टोलीको मुख्य प्रशिक्षकबाट राजीनामा दिएका थिए । त्यससँगै अखिल नेपाल फुटबल संघ



**मुख्य प्रशिक्षक हरि खड्काले मलेसियासँगको एसियन कप छनोट र बंगलादेशसँगको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलका लागि २३ सदस्यीय नेपाली टोली घोषणा गरेका हुन् । सेन्ट्रल मिडफिल्डर दीपेश गुरुङले पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन् ।**

(एन्फा) ले पूर्वराष्ट्रिय खेलाडी हरि खड्कालाई उक्त जिम्मेवारी सुम्पिएको हो । तीन दिनको प्रारम्भिक खुला छनोटपछि उनले १२ खेलाडीलाई बाहिर राख्दै अन्तिम टोली तयार पारेका छन् । उक्त टोलीमा नेपाली यु-२३ टोलीबाट प्रतिनिधित्व गरेका उदीयमान मिडफिल्डर दीपेशलाई अवसर दिएका छन् ।

दीपेशले गत सेप्टेम्बरमा मात्र ताजकिस्तानमा सम्पन्न यु-२३ एसियन कप छनोटमा खेलेका थिए । नेपाली टोलीको मिडफिल्डमा दीपेशसँगै लाकेन लिम्बू, रोहन कार्की, मणिकुमार लामा, एरिका बिष्ट, मनीष डाँगी, योगेश गुरुङ, कुशल देउबा तथा डिफेन्डरमा अनन्त तामाङ, सनिष श्रेष्ठ, सुमित श्रेष्ठ, सुमन श्रेष्ठ, अभिशेक लिम्बू र रोहित चन्द छन् । नेपालको अग्रपंक्तिमा अञ्जन बिष्ट, आयुस घलान, जिलेस्पीजंग कार्की, सुवास बम ठकुरी र दिनेश हेन्जनले समाल्नेछन् । अञ्जन प्रशिक्षक हरिसँगै नेपालका लागि सर्वाधिक अन्तर्राष्ट्रिय गोल गर्ने सूचीमा शीर्ष स्थानमा रहेका स्ट्राइकर हुन् ।

नेपाली टोलीको तीन गोलकिपरमा कप्तान किरणसँगै दीप कार्की र विशाल सुनार छन् । आगामी नोभेम्बर १३ तारिखमा नेपालले बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने तालिका छ । त्यसको पाँच दिनपछि नेपालले छनोट प्रतियोगितामा मलेसियासँग खेल्नेछ । एसियन कपमा छनोट हुने समीकरणबाट बाहिरिसकेको नेपालले एसियन कप छनोटमा दुई खेल खेल्न बाँकी छ । पछिल्ला चार खेलमा नेपालले सबैमा हार बेहोरेको थियो ।

# हैरान्सलाई सफलता



काठमाडौं, कात्तिक २२ (नागरिक)- हैरान्स क्लबले एन्फा प्रेसिडेन्ट लिगमा शनिबार टाइगर्स टिममाथि ५-२ को सानदार जित निकालेको छ ।

एन्फा प्रेसिडेन्ट लिगमा शनिबार भएको खेलमा मकवानपुरको हेटौडास्थित गौरिटार रंगशालामा सम्पन्न समूह 'बी' को खेलमा हैरान्सलाई जित दिलाउन रोशन डोङले दुई तथा समीराज थोकर र विश्व लिम्बूले समान एक गोल गरे । टाइगर्सका लागि विशेष लामाले दुई गोल गरे । प्रतियोगितामा हैरान्सको यो पहिलो जित हो । यसअघि आफ्नो पहिलो खेलमा हैरान्सले काँक्रे बिहार युथ क्लबसँग ३-२ को हार बेहोरेको थियो । आफ्नो पहिलो खेलमा गाईघाट फुटबल क्लबलाई २-१ ले हराएको टाइगर्स हैरान्ससामू निरीह देखियो । शनिबार दिनको पहिलो खेलमा काँक्रे बिहारले नव जन जागृति युवा क्लबसँग १-१ को बराबरी खेल्यो ।

हेटौडास्थित गौरिटार रंगशालामा नै भएको खेलमा काँक्रे बिहारले अग्रतालाई जोगाउन सकेन । खेलको ३८औं मिनेटमा कप्तान आशिष चापागाईंले काँक्रे बिहारलाई अग्रता दिलाएका थिए । तर, पहिलो हाफको इन्जुरी समयमै नव जन जागृति खेलमा फर्कियो । रुजन न्यौपानेले स्कोरसीटमा आफ्नो नाम लेखाए । यो नतिजासँगै समूह 'बी'मा काँक्रे बिहारले दुई खेलमा चार अंक जोडेको छ । यसअघि आफ्नो पहिलो खेलमा काँक्रे बिहारले हैरान्स क्लबमाथि ३-२ को रोमाञ्चक जित हासिल गरेको थियो ।

नव जन जागृति युवा क्लबको यो पहिलो खेल हो । यो नतिजासँगै समूह 'बी' मा काँक्रे बिहारले दुई खेलमा चार अंक जोडेको छ । नव जन जागृति युवा क्लबको यो पहिलो खेल हो । प्रतियोगिताको पाँचौं दिन आइतबार समूह 'ए' का दुई खल हुनेछन् । पहिलो खेलमा जन जागृति युवा क्लबले लालिगुराँस एसोसिएसन क्लबसँग प्रतिस्पर्धा गर्नेछ । दोस्रो खेलमा देउराली युथ क्लबले विजयी स्पोर्ट्स क्लबसँग खेल्नेछ ।

# टिआइए 'ए' को दोहोरो जित




काठमाडौं, कात्तिक २२ (नागरिक)- आयोजक ठुङ्गराम इन्टरनेसनल एकेडेमी (टिआइए) 'ए' ले १७औं टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजमा शनिबार दोहोरो जित हात पारेको छ ।

हात्तीगौडास्थित घरेलु कोर्टमा टिआइए 'ए' ले दुर्गा भवानीलाई ५१-३२ ले पहिलो जित निकाल्यो । विजेता टोलीका लागि सुमन नगरकोटीले १९ अंक जोडे । अर्को खेलमा पनि टिआइए 'ए' ले हिमरश्मिलाई ४७-३२ ले हराउँदै दोस्रो सफलता पाएको हो । विजयी टिमका लागि रोशन नगरकोटीले २२ स्कोर गरे । ब्वाइजमै विल्सन एकेडेमीले ग्रिनल्यान्डलाई ५७-३७ र बिएमसिएले टिआइए 'बी' लाई ३३-२२ ले हराए । विल्सनका रेहान डंगोलले १६ तथा बिएमसिएका आलोक कार्कीले १० अंक बटुले ।

गर्ल्समा हिमरश्मिले टिआइए 'ए' लाई १४-८ तथा बसुन्धरा नेसनल एकेडेमी (बिएनए) ले टिआइए 'बी' लाई १७-१० ले पन्छाए । हिमरश्मिकी पूर्णिमा कार्कीले ८ र बिएनएकी प्रेमिकाले ११ अंक जोडे ।

# पुष्पसदनको विजयी सुरुआत



काठमाडौं, कात्तिक २२ (नागरिक)- आयोजक पुष्पसदन आवासीय माध्यमिक विद्यालयले चौथो पुष्पसदन कप उपत्यकाव्यापी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा विजयी सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित घरेलु कोर्टमा पुष्पसदनले शनिबार एभिएमलाई ४०-१० ले सहजै हराउँदै सुखद सुरुआत गरेको हो । पुष्पसदनका सम्राट लामाले १९ अंक जोडे । सिनियर ब्वाइजमै बाघभैरव, राराहिल र मगसले पनि विजयी यात्रा सुरु गरे । बाघभैरवले ग्रिन भिलेजलाई १५-९ ले हरायो । बाघभैरवका लागि रोहनले १२ स्कोर गरे । राराहिलले क्रिएटिभलाई ३२-९ र मगसले लिटिल एन्जल्स (एलए) लाई ४१-२९ ले हराए । राराहिलका ओवेश भुसालले ६ र मगसका सिमोन रन्जालीले १२ अंक बटुले । प्रतियोगिताको पुष्पसदनका संस्थापक एवं निर्देशक महेश श्रेष्ठले निर्णायकलाई बल हस्तान्तरण गरी उद्घाटन गरेका थिए । प्रतियोगितामा तीन विधामा विभिन्न विद्यालयका ५१ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । सिनियर ब्वाइजमा १९, जुनियर ब्वाइजमा सात र गर्ल्समा २५ टिम सहभागी छन् । गर्ल्सको प्रतिस्पर्धा श्री बाइ श्री ढाँचामा हुनेछ ।




Government of Koshi Province
Ministry of Health

## Health Directorate

Health Office, Khotang

## Invitation for Electronic Bids

**Date of Publication: 2082/07/23**

**Invitation for Bids No: HOK/G/NCB-01/2082-83**

1. The **Health Office, Khotang** invites Electronic bids from eligible bidders for the procurement of **Medicines for Basic Health Services** under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Health Office,Khotang, Koshi Province,** Phone No: 036-420277, Email address: dho..khotang@gmail.com or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.
3. Bidder Should download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders should deposit the cost of bidding document **NRs 3000.00** in the following Rajaswa (revenue) account as specified below.
   **Name of the Bank**: Rastriya Banijya Bank, Khotang
   **Name of Office**: Health Office, Khotang, Koshi Province
   **Office Code no**.: 3700108011
   **Office Account no**.: 1000100200010000
   **Rajaswa (Revenue) Shirshak no**.: 14229
4. Pre-bid meeting shall be held at **Health Office, Khotang at 11:00 Hr of 2082/08/14**
5. Sealed or electronic bids must be submitted to the office **Health Office, Khotang** through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 Hr** on **2082/08/24**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hr of 2082/08/24** at the office of **Health Office, Khotang**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs**. 70,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Health office Khotang**

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल